म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१३ आइतबार ९ असार २०८१ ने. सं. ११४४ तछलागा 23 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तातो हावा "लु" बाट जोगिने उपाय**

☞ सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
☞ निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
☞ फलफूलको रस र पानी प्रशस्त पिउने,
☞ धेरै पसिना आएमा जीवनजल पिउने,
☞ चिसो पानीले नुहाउने,
☞ कामकाज सकभर बिहान वा बेलुका गर्ने,
☞ मदिरा सेवन नगर्ने,
☞ सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# घरेलु मदिरा ब्राण्डिङमा प्रदेश सरकारको चासो

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ बागमती प्रदेशका आन्तरिक मामिला तथा योजनामन्त्री जगनाथ थपलियाले आगामी आर्थिक वर्षको बजेटमा स्थानीय मदिरालाई प्रबर्द्धन गर्ने भएका छन् । थपलियाले बजेट वक्तव्यको ८४ नम्बर बुँदामा संघीय सरकार र निजी क्षेत्रसँग समन्वय गरेर स्थानीय मदिराको उत्पादनका लागि सम्भाव्यता अध्ययन गरिने घोषणा गरेका हुन् ।



राजश्वको दायरामा नआएकै कारण हरेक जिल्लामा प्रहरीले बारम्बार बरामद गरी खाल्डोमा पोखेर घरेलु मदिर नष्ट गरिरहेको छ । कति घरेलु मदिरा बरामद हुन्छन् र कति नष्ट गरिनछ भन्ने यकिन तथ्यांक कतै भेटिदैन तर, ठूलो परिमाणमा घरेलु मदिरा खाल्डोमा घोप्ट्याइन्छ । संघीय सरकारले घरेलु मदिराको ब्राण्डिङको विषयलाई बजेटमार्फत् समाबेश गरेपछि प्रदेश सरकार पनि सक्रिय बनेका छन् ।

बागमतीसँगै कोशी र गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै गर्दा स्थानीय मदिराको ब्राण्डिङमा जोड दिएका हुन् । कोशी, बागमती र गण्डकी प्रदेशले घरेलु मदिरालाई वैधानिक बनाउँदै मापदण्ड कायम गर्न संघीय सरकारसँग समन्वय गरेर अगाडि बढ्ने योजना बजेटमार्फत अघि सारेका हुन् । कोशीले घरेलु मदिरा ब्राण्डिङलाई विशेष प्राथमिकता दिएर कार्यक्रम ल्याएको छ ।

कोशी प्रदेशको संखुवासभा, भोजपुर, तेह्रथुमलगायत जिल्लाको वनजंगलमा पाइने ऐंसेलु, चुत्रो, घंगारुबाट वाइन उत्पादन गरेर युरोप निर्यात भइरहेको छ । कोशी प्रदेशको हिन्वा वाइन मदिरापारखीको माझमा लोकप्रिय ब्राण्ड हो । आगामी आर्थिक वर्षका लागि कोशी प्रदेशका आन्तरिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले ३५ अर्ब २७ करोड ९३ लाखको बजेट सार्वजनिक गर्दै स्थानीय मदिराको मुद्दा उठान गरेका छन् । मन्त्री मगरले बजेट वक्तव्यको ५७ नम्बर बुँदामा घरेलु मदिरा ब्राण्डिङ र बजारीकरण गर्न संघीय सरकारसँग समन्वय गरेर काम गर्ने घोषणा गरेका हुन् ।

गण्डकी प्रदेशमा पनि घरेलु मदिराको ब्यवस्थापनमा सरकारले गंभीरतापूर्वक लिएको पाइन्छ । राजश्वको दायरा भन्दा बाहिरै रहेको र लाखौंले उपभोग गर्ने घरेलु मदिरालाई ब्यवस्थापन गर्न सकेको खण्डमा प्रदेश सरकारको आम्दानीको दरिलो स्रोत बन्ने सम्भावना देखिएको भन्दै गण्डकी सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा यो मुद्दा उठाएको बताइएको छ ।

प्रदेश सरकारको मातहतमा रहेर घरेलु मदिरालाई ब्राण्डिङ गर्दा प्रमुख चुनौतिको रुपमा अन्त:शुल्क रहेको बताइएको छ । प्रदेश सरकारको मातहतमा घरेलु मदिरा ब्राण्डिङ गर्ने क्रममा कम्तिमा १८ वटा विभिन्न किसिमका ऐनहरु संशोधन गर्नुपर्ने हुन्छ । हाल कानुनमा घरेलु मदिरा प्रत्येक घरले एक वर्षमा ५ लिटर भन्दा धेरै उत्पादन गर्न नमिल्ने उल्लेख छ । घरेलु मदिराको बजारीकरण, उत्पादन, अन्त:शुल्कलगायतको मदिरासँग सम्बन्धित ऐन तथा नियमहरु बाधक बनेको हो ।

हाल नेपालमा मदिराको अन्त:शुल्क संघीय सरकारले मात्र लिन पाउने, घरेलु मदिरा चाडपर्व वा अन्य साँस्कृतिक कार्यको लागि एक वर्षमा ५ लिटर मात्रै उत्पादन गर्न पाउने कानून छ । घरेलु मदिराको बजारीकरण गर्न नपाउने नियम छ । घरेलु मदिरा ब्राण्डिङ गर्नसके यसले प्रदेशको अर्थतन्त्रमा बलियो हुने जानकारहरु बताउँछन् । घरेलु मदिरा ब्राण्डिङ नभएका कारण खुलमखुला बिक्री नभए पनि गाउँघरमा धेरै ठूलो परिमाणमा घरेलु मदिरा नै बिक्री हुने गरेको पाइन्छ ।

मकवानपुर प्रहरीले घरेलु मदिरा बरामद गर्ने र नष्ट गर्ने कार्य गर्दै आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरैपिच्छे उत्पादन र उपभोग हुने घरेलु मदिरामा वार्षिक कति खाद्यान्न खपत भइरहेको छ ? भन्ने भरपर्दो तथ्यांक पनि कतै पाइएको छैन । यद्यपी घरेलु मदिरा ब्यवस्थापन गरी ब्राण्डिङ गर्ने हो भने राजश्वमा यसको सम्भावना धरै रहेको जानकारहरु बताउँछन् । हिमाली जिल्लामा उवा, पहाडी जिल्लामा कोदो र तराइका जिल्लामा अन्य खाद्यान्हबाट बढी मात्रामा घरेलु मदिरा उत्पादन भइरहेको छ ।

# बहुप्रकोपीय उच्चजोखिममा बागमती प्रदेश

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ बागमती प्रदेश विपद् जोखिमको दृष्टिकोणले बहुप्रकोपीय उच्च जोखिममा छ । बागमतीमा बाढी, पहिरो र चट्याङ जस्ता तीनवटै विपद्को जोखिम अधिक रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको हो ।



प्रदेशका जिल्लाहरु पहिरोको उच्चजोखिममा रहेको प्राधिकरणको भनाई छ । प्रदेशको रसुवा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट, ललितपुर र मकवानपुर पहिरोको उच्चजोखिममा रहेका छन् भने मध्य तराईमा पर्ने मकवानपुरसहित चितवन, सिन्धुली, उपत्यकाको काठमाडौंमा बाढीको उच्चजोखिम रहेको छ ।

प्रदेशमा सुनकोशी, भोटेकोशी, त्रिशूली, राप्ती, बागमती, अन्य सानाठूला गरी ३३ वटा नदी छन् । नदी र मुख्य जलाधारबाट उत्पन्न बाढी तथा डुबानका घटना हुने गरेको विगतको तथ्यांकले देखाउँछ । विगतका वर्षमा नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर, ललितपुर र काभ्रेपलान्चोकमा सबैभन्दा बढी पहिरोका घटना भएकोमा नुवाकोट जिल्लामा सबैभन्दा बढी क्षति भएको थियो । बागमतीमा यस वर्ष विपद्बाट ३३ हजार ३ सय ७१ घर धुरी प्रत्यक्ष प्रभावित हुने आंकलन गरिएको छ । प्रदेशमा मनसुनका कारण झन्डै डेढ लाख जनसंख्या प्रभावित हुने अनुमान छ । प्रदेशमा १ लाख ४५ हजार नागरिक विभिन्न विपद्का घटनाबाट प्रभावित हुने अनुमान गरिएको छ ।

बागमती प्रदेशमा विपद्का घटनामा एक वर्षको अवधिमा ६१ जनाले ज्यान गुमाएका छन् । २०८० जेठ २२ देखि २०८१ जेठ २२ गतेसम्म प्रदेशमा भएको विपद्सम्बन्धी विभिन्न ८३६ घटनामा ६१ जनाको मृत्यु भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार विपद्का घटनामा परेर १७७ जना घाइते भएका छन् भने ३ जना बेपत्ता भएका छन् ।

एक वर्षको अवधिमा भएको विपद्को घटनामा करिब ५१ करोडको क्षति भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्यांक अनुसार विपद्का घटनाले १७८ पूर्वाधारको क्षति भएको छ भने ६३१ पशुचौपाया मृत्यु भएको छ । मन्त्रालयको तथ्यांक अनुसार एक वर्षको अवधिमा प्रदेशमा ४९७ आगलागीका घटना भएका छन् भने १२३ स्थानमा वन डढेलो, १०८ पहिरो, ४२ जनावर आतंक, १६ भारी वर्षा भएको छ । बाढी १२, हुरी बतास ११, अन्य गैर प्राकृतिक विपद् ३, सर्पदंश ३, हिमपहिरो ३ र भूकम्प एक पटक गएको मन्त्रालयको तथ्यांक रहेको छ ।

# श्यामप्रसाद शर्मा स्मृति सम्मानबाट 'शीतबिन्दु' सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ श्यामप्रसाद शर्मा स्मृति सम्मान २०८१ बाट प्रदीप ज्ञवाली 'शीतबिन्दु' सम्मानित भएका छन् । साहित्य संगम मकवानपुरले हरेकवर्ष प्रदान गर्दै आइरहेको सम्मानबाट शीतविन्दुलाई शुक्रबार हेटौडामा सम्मानित गरिएको हो ।

प्रगतिशील साहित्य लेखनमा स्थापित शर्माको नाममा स्थापित सम्मानको राशी २५ हजार रुपैयाँ रहेको छ । यस अघि १५ हजार रहेको सम्मानको राशी यस वर्षबाट बढाएर २५ हजार रुपैयाँ बनाइएको हो ।

कार्यक्रममा ज्ञवालीले एकल कवितावाचन गरेका थिए । साहित्यकार निमेष निखिल र सुवास खनालले ज्ञवालीका कवितावाचन गरेका थिए भने आशाकाजी श्रेष्ठ र अजर फुयाँलले ज्ञवालीद्वारा रचित गीत गाएका थिए । यस्तै श्यामकुमार बानियाँ, पुरुषोत्तम आचार्य र हरि पौड्यालको विविध सांगीतिक प्रस्तुति गरेका थिए ।

साहित्य संगमको आयोजना, भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को सहआयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नं. ४ को प्रवर्द्धनमा भएको सम्मान तथा सांगीतिक कार्यक्रममा ज्ञवालीका एकल कवितामाथि घनश्याम घिमिरेले समीक्षा गरेका थिए ।

२०१९ साल भदौ २८ गते गुल्मीको बलेटक्सार २ चौतारामा जन्मिएका ज्ञवालीले २०७३ सालमा 'बिना सालिकका नायकहरु' कविता कृति प्रकाशित गरेका थिए ।

यसअघि शीतविन्दु नामबाट साहित्य रचना गर्दै आएका ज्ञवालीले सहयात्री-२०४६ (उपन्यास), चिता जलिरहेछ -२०५१ (कविता संग्रह), आस्था, ओ मेरी प्रिया-२०५७ (कविता संग्रह), कुहिरो-२०६० (कथा संग्रह), मार्क्सवादको सिर्जनात्मक प्रयोग-(२०५८), प्रचण्डपथ: विचारको केन्द्रीकरण कि भ्रष्टिकरण (२०५९), फिनिक्स पंक्षी र एमालेको पुनर्जीवन (२०६४), युवा: एक बहस (२०६६), राष्ट्रियता, पहिचान र सामाजिक रुपान्तरण: एक अर्थराजनीतिक बहस (२०७०) लगायत कृति प्रकाशित छन् ।

# राक्सिराङबाट तीन युवा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरको राक्सिराङ गाउँपालिका-५ ठुलो खोल्साबाट लागुऔषध गाँजासहित तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा राक्सिराङ-८ बस्ने बर्ष-२१ को अशोकलाल मोक्तान, सोही स्थान बस्ने बर्ष-३१ को दीपक मोक्तान र बर्ष ३५ को बुद्धिलाल मोक्तान रहेका छन् ।

गस्ती हिडेको प्रहरीको टोलीले शंका लागेर चेकजाँच गर्दा उनीहरुले बोकेको झोलाबाट ८ केजि ५०० ग्राम लागुऔषध गाँजा बरामद भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उनीहरुमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी, बाराको जीतपुर सिमरा उपमहानगरपालिका-३ बजनीचोकबाट अवैध लागूऔषध गाँजा सहित एकजना पक्राउ परेका छन् । करिब ३० किलोग्रामसहित मकवानपुर हेटौंडा उपमहानगर पालिका-१२ बस्ने २१ वर्षीय सुजन मुक्तानलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीचौकी पथलैयाबाट खटिएको प्रहरीले अम्लेखगंजबाट वीरगंजतर्फ जाँदै गरेको बा.प्र. ०३-००५१ प ४८७१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा चालक मुक्तानलाई गाँजासहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM

**लोक सेवा आयोग**
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा

☛ शान्त तथा स्वच्छ वातावरण ☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक ☛ Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

**Elite Aimers Institute**
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# बजेटमा राजनीतिक बेइमानी

सरकारले तयार पारेको नीत तथा कार्यक्रम र बजेट आफ्नो पक्षमा पार्न राजनीतिक दलहरुले बेइमानी गर्ने क्रम बढेको छ । दलहरुले बजेटमा गरेका क्रियाकलापले गलत नजिरको विकास हुँदै गएको छ । बागमती प्रदेशमा प्रतिपक्षी दललाई रिझाउन बजेट ल्याएको सातदिनमै मन्त्रालयगत योजनामा बजेट रकमान्तर गर्ने दलीय सहमति भएको छ । बजेट प्रस्तुत भएको सातौं दिन मुख्यमन्त्री निवासमा भएको बैठकमा प्रदेशका राजनीतिक दलबीच बजेट रकमान्तर गर्ने सहमति गरेर प्रदेशसभाको अवरोध हटाइएको हो । यसरी बजेटमा दलीय स्वार्थ हाबी भएपछि यसको असर दूरगामी रुपमा पर्ने बिष्लेसकहरुले बताएका छन् । आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तुत बजेट प्रदेशसभा बैठकबाट पास हुन बाँकी भएपनि दलीय स्वार्थ मिलेपछि 'तैं चुप मै चुप' को अवस्था आएको छ । आर्थिक मामिलामन्त्री जगन्नाथ थपलियाले १ असारमा ६४ अर्ब ५४ करोड ४ लाखको बजेट प्रस्तुत गरेका थिए । बजेट माथिको सैद्धान्तिक छलफल बिहीवारबाट सुरु गर्ने प्रदेशसभाको कार्यसूची थियो ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, विपक्षी दल राप्रपाले बजेटमाथिको छलफल सुरु हुनै नदिएर अवरोध गरेपछि बैठक स्थगित भएको थियो । बिहीबारको बैठकमा कांग्रेस बागमती संसदीय दलका नेता तथा पूर्वआर्थिक मामिलामन्त्री बहादुरसिं लामाले बजेट पूर्वाग्रही, असन्तुलित र त्रुटिपूर्ण रहेको भन्दै नसच्याएसम्म प्रदेशसभा सञ्चालन हुन नदिने अडान लिएका थिए । माओवादी र कांग्रेसको सत्तासमिकरणको समयमा लामाले ल्याएको बजेटमा एमालेको चर्को बिरोधले बजेट कार्यान्वयन हुन नसकेको अवस्था थियो । अहिले पुन: यही नजिर दोहोरिएको छ । प्रदेशसभा अवरोधको संकेतपछि सरकार र प्रतिपक्षी दल कांग्रेस र राप्रपाबीच पाँच बुँदे सहमति भएको हो । सहमतिको तेस्रो बुँदामा प्रतिपक्ष दलहरुको मागबमोजिम कार्यक्रम शीर्षकमा शिलिङ भित्रको अपुग रकम थप गर्ने र थप रकम रकमान्तर गरी सुनिश्चितताको लागि मन्त्रीस्तरीय निर्णय गरी प्रतिपक्ष दललाई आश्वस्त पार्ने उल्लेख छ । सहमतिको चौथो बुँदामा बिषयगत मन्त्रालयमा राखिएको अबन्डामा रहेको र कम प्रतिपक्ष दलहरुले प्रस्ताव गरे बमोजिमको प्रकृति मिल्ने खालको शीर्षकमा बजेट व्यवस्था गर्ने र सुनिश्चितको लागि मन्त्रीस्तरीय निर्णय गर्ने सहमति भएको छ । सहमतिपत्रमा सरकारका तर्फबाट मुख्यमन्त्री जम्कट्टेल, आर्थिक मामिलामन्त्री थपलिया, नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णप्रसाद शर्माखनाल तथा प्रतिपक्षीका तर्फबाट कांग्रेसका नेता लामा र राप्रपाका नेता उद्धव थापाले हस्ताक्षर गरेका छन् । छुटेका योजना र साना योजनामा बजेट रकमान्तर गरेर थप्ने सहमति भएको नेकपा माओवादी केन्द्रका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए ।

मन्त्रालयगत रुपमै साना योजनामा थप बजेट रकमान्तर गर्ने सहमति भएको र त्यसको लागि मन्त्रिपरिषद्बाट निर्णय हुने बताइएको छ । सांसदहरुलाई शुक्रबार साँझसम्म बजेट थप गर्नुपर्ने योजनाको विवरण उपलब्ध गराउन भनिएको थियो । कानुनत: बजेटको १० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिने व्यवस्था छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चालू आर्थिक वर्ष २०८०/८१ मै बजेट रकमान्तर नगर्न केही समय अघिमात्र प्रदेश सरकारलाई सुझावसहितको पत्र पठाएको थियो । अख्तियारको पत्रकै कारण चालू आवमा तत्कालीन प्रतिपक्ष दल एमाले र राप्रपाको थप योजना समेट्ने २१ असार २०८० को मन्त्रिपरिषद्को निर्णय नै कार्यान्वयन हुन सकेको थिएन । पछि संसदीय विशेष समिति बनाएर बजेट विवाद हल गर्न खोजिए पनि समितिको निर्देशनमा थप भएका टुक्रे योजनासमेत कार्यान्वयनमा जान सकेन । शुक्रबार साँझ सुरु भएको प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले प्रतिपक्षी दलका छुटेका योजना र सिलिङअनुसार बजेटमा तलमाथि भएको भए कानुनअनुसार सम्बोधन गरेर जाने विषयमा प्रतिबद्धता जनाएको बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १० गते सोमबार २४ जुन २०२४ । तृतीया, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# भ्रष्टाचार र वित्तीय अपराधका नकारात्मक प्रभाव



✍ श्यामप्रसाद मैनाली

भ्रष्टाचार अत्यन्त ठूलो वित्तीय अपराध हो । यसले समग्र समाजलाई प्रदूषित बनाउँछ । यस अपराधले समग्र विश्वमाथि नै ठूलो चुनौती थपिदिएको छ । किनकि कुनै पनि देश भ्रष्टाचार नियन्त्रणमा शतप्रतिशत सफल हुन सकेका छैनन् । वित्तीय अपराध र भ्रष्टाचार सम्बन्धी विषयको विस्तृत अध्ययन जरुरी देखिएको छ । यसको प्रकृति, क्षेत्र, जोखिम र यसले पार्ने प्रभावका हिसाबले यो अत्यन्त संवेदनशील अपराधका रूपमा स्थापित भइराखेको छ ।

वित्तीय अपराध र भ्रष्टाचार दुवै अहिंसात्मक अपराधहरु हुन्, जहाँ पेसाविद्, सार्वजनिक पदाधिकारी, राजनीतिज्ञ, प्रशासक, नेतृत्व तहमा रहनेहरू र रोजगारदाताहरू एवं श्रमिकहरू सबै समाविष्ट भएका हुन्छन् । अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार यो अपराध सामान्यतया अहिंसात्मक हुँदै गर्दा पनि यसले ठूलो वित्तीय हानि नोक्सानीको अवस्था सृजना गर्दछ । भ्रष्टाचार र वित्तीय अपराधले सामाजिक विकास र सामाजिक परिवर्तनमा प्रत्यक्षरुपमा सम्बन्ध राख्दछ । यी अपराधहरू वृद्धि हुनुका पछाडि प्रणालीमा देखिएको जटिलता र सूचना प्रविधिको क्षेत्रमा भएको विकासले बढी संवेदनशील बनाएको देखिँदै छ ।

भ्रष्टाचारले अत्यन्त बृहत् क्षेत्र समेटेको हुन्छ । समाजले अस्वीकृत गरेको कानुनले वर्जित गरेको कुनै पनि काम गर्नुलाई भ्रष्टाचारको परि भाषाभित्र राखेको छ । कार्यसम्पादन स्तरमा हुने सामान्य प्रकारका भ्रष्टाचारहरूदेखि नीतिगतरुपमा हुने र राजनीतिक तहबाट गरिने ठूला भ्रष्टाचार हरू विश्वभर विशेष गरी विकसित देशमा भन्दा विकासोन्मुख देशमा बढी हुँदै गएको देखिँदै छ । यसै गरी वित्तीय अपराधलाई व्यक्तिगत फाइदाका लागि नियम प्रतिकूल कार्य गरी रकम कलम आफ्नो हितमा प्रयोग गर्ने र संग्रह गर्ने अपराधका रुपमा लिने गरिन्छ । प्राय: यी दुवै प्रकारका अपराध सार्वजनिक पदाधिकारीहरूबाट हुने गरेका छन् । यस्ता प्रकारका अपराधबाट सर्वसाधारण नागरिक ठूलो मात्रामा प्रताडित हुँदै गएको अवस्था विश्वभर देखिँदै छ । वित्तीय अपराधमा मुद्रा निर्मलीकरण, वित्तीय आतंकवाद, कालोबजारी, किर्ते सबै प्रकारका अपराधहरु समेटिएको हुन्छ । कानुनी संरचना, प्रक्रियागत पक्ष, समाजले बोकेको संस्कृति आदिका कारण कुनै पनि समाजको वित्तीय अपराध र भ्रष्टाचार कुन मात्रामा भइराखेको छ ? निर्धारित हुन पुग्दछ ।

**भ्रष्टाचार र वित्तीय अपराधको परिणाम :**

भ्रष्टाचार व्याप्त भएको समाजमा सार्वजनिक निकाय र पदाधिकारीहरूप्रति जनताको विश्वास घट्दै गएको पाइन्छ । सेवाप्रदायकहरुमा जनतालाई अथवा सेवाग्राहीहरुलाई दु:ख दिने प्रवृत्ति हाबी हुँदै जान्छ र सेवा प्रवाह अत्यन्त नकारात्मकरुपमा प्रभावित बन्दछ । समय अत्यन्तै ज्यादा लाग्ने र सार्वजनिक क्षेत्रबाट पाइने सेवा धेरै खर्चिलो बन्दछ । यस प्रकारका अपराधबाट धेरै प्रकारका समस्या सृजित हुन्छन् ।

आर्थिक वृद्धि समग्र आर्थिक विकासमा ठूलो व्यवधान उत्पन्न हुने परिस्थिति बन्दछ । देशमा बेरोजगारीको समस्याले विकराल रूप ग्रहण गर्दछ । प्रतिव्यक्ति आय: अत्यन्त न्यून हुन्छ । थोरै व्यक्तिमा सम्पत्ति सीमित हुँदै उक्त भ्रष्टाचारबाट आर्जित सम्पत्ति कालोधनको रुपमा रहने भएकाले स्वतन्त्रतापूर्वक त्यो कालोधन बजारमा प्रवाह हुन सक्दैन । यसले गर्दा अर्थव्यवस्था चलायमान हुँदैन । बजारमा तर लताको अभावको अवस्था सिर्जना हुन्छ । यस अवस्थामा लगानी, बचत दुवै आउँछ र परिणामस्वरूप अर्थ व्यवस्था नै शिथिलताको अवस्थाबाट कमजोर बन्दछ । सर्वसाधारण नागरिकको शिक्षा र स्वास्थ्य सुविधा गुणस्तर युक्त नहुने अवस्था बन्दछ । यो अपराधबाट राष्ट्रिय एकता, संस्कृति, आचरण, नैतिकता, सामाजिक मूल्य र मान्यतामा नै प्रहार गर्ने भएकाले अत्यन्त नाजुक अवस्थाबाट समाज कमजोर बन्न थाल्दछ । यसबाट समग्र सामाजिक र आर्थिक विकास अन्योलमा रहन्छ ।

विश्वमा सबैभन्दा बढी भ्रष्टाचार हुने देशको रूपमा कुख्याती कमाएको सोमालियाका बारेमा विश्व बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको केही व्यहोरा यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । सन् २०१७ देखि नै सोमालिया विश्वका सबैभन्दा भ्रष्ट देशहरूमा १९० स्थानमा सुरक्षित छ । व्यापार व्यवसाय र आर्थिक क्रियाकलापमा अत्यन्त ज्यादा संकुचन आएको छ । सार्वजनिक निकाय र पदाधिकारीहरूमा जवाफदेहिता र उत्तर दायित्व देखिँदैन । सेवाप्रदायकहरूको गुणस्तरमा समेत गम्भीर प्रश्न खडा भएको छ । यस्ता प्रकारका अपराधहरू धेरै हुने देशको अन्तर्राष्ट्रिय जगतमा विश्वसनीयता रहँदैन । वैदेशिक सहायता र प्रत्यक्ष वैदेशिक लगानीसमेत घट्न थाल्दछ । मानवजीवनलाई अस्तव्यस्त बनाउँछ । राजस्वमा कमी आउँछ । साधारण खर्चले विकास खर्चलाई पछि पार्दछ ।

**नेपालको सन्दर्भ :**

नेपालमा पनि भ्रष्टाचार र वित्तीय अपराध अत्यन्त ज्यादा बढिराखेको छ । यसबाट नेपालको समग्र अवस्था नकारात्मकरूपमा प्रभावित भइराखेको छ । केही समयपहिले बैंकिङ क्षेत्रले नेपालमा तरलताको अभावको सामना गर्नुपऱ्यो । राष्ट्र बैंकले नीतिगत हस्तक्षेप गरी बजारमा रकम प्रवाह गर्ने अवस्था बनाउँदा र बैंकहरुले डिपोजिट रकममा ब्याजदर बढाउँदासमेत पर्याप्त रकम बैंकमा आएन । हालको अवस्थामा बैंकमा तरलताको अभाव छैन । तर ऋण प्रवाह हुन नसकी प्राप्त रकमको सदुपयोग हुन सकेको छैन । बैंकहरू ठूलो जोखिमबाट गुज्री राखेका छन् । कुनै समय बैंकमा पैसा नभई समस्या सृजना हुन्छ । कुनै समय संकलित रकम प्रवाह गर्न सकिन्न । यस अवस्थाबाट बैंक मात्र प्रभावित भएको होइन, समग्र आर्थिक अवस्थासमेत बिग्रिएको स्थिति छ । ऋण प्रवाह गर्न ब्याजदर घटाउँदासमेत ऋणीहरू बैंकमा पुगेका छैनन् । रकमको प्रयोग बैंकले गर्न सकेन । यो अवस्था सिर्जना हुँदा अर्थशास्त्रका सिद्धान्तसमेत नेपालमा लागू नहुने स्थिति देखिएको छ । बैंकहरूबाट प्रवाह गरिने ऋणको ग्राफ घट्दै गएको छ । नेपालको कानुनी व्यवस्था र नीतिसमेत भ्रष्टाचार र वित्तीय अपराध मैत्री देखिएका छन् । राजनीतिक क्षेत्रबाट हुने भ्रष्टाचार, नीतिगत भ्रष्टाचार र वित्तीय अपराध सबैमा उन्मुक्ति दिने प्रकारले कानुनको निर्माण र नीति तयार पारिएका छन् । यो अवस्थामा भ्रष्टाचार बढ्दै जाने हो । नियन्त्रणमा आउने सम्भावना नै रहँदैन ।

सबै प्रकारका तस्करीहरू गर्ने महत्वपूर्ण स्थल नेपाल भइराखेको छ । उदाहरणका लागि नेपाल सरकारले वाणिज्य विभागबाट जारी गरिने लाइसेन्सको अवस्था हेर्ने हो भने चीनबाट मात्रै नेपालको जनसंख्याभन्दा धेरै मात्रामा छाताको आयात भएको स्थिति छ । मुद्रा निर्मलीकरणबाट वित्तीय अपराध प्रोत्साहित हुने गर्दछ । नेपालमा मुद्रा निर्मलीकरण गर्ने महत्वपूर्ण देशका रूपमा आफ्नो पहिचान बनाइराखेको स्थिति छ । नेपालको सार्वजनिक नीति नै वित्तीय अपराध गर्ने र भ्रष्टाचारीहरूलाई सहज बनाउने प्रकारको छ । विगत एक वर्षको अवधिमा नेपालमा घटेका यी अपराधहरु जस्तै- नक्कली भुटानी शरणार्थी, सुन प्रकरण, विभिन्न खालका जहाज खरिद प्रकरण, ओम्नीजस्ता स्वास्थ्यसम्बन्धी भ्रष्टाचार यी सबैले नेपालको वित्तीय अपराध र भ्रष्टाचारलाई प्रश्रय दिइराखेको स्थिति छ ।

यस अवस्थामा देशभित्र सबै प्रकारका अपराधजन्य क्रियाकलापहरू हुँदै जानेछन् । यही परिणति नेपालले भोग्दै आएको अवस्था छ । यस प्रकारका अपराधको नियन्त्रण जरुरी छ । सुशासनका लागि सरकार र राजनीतिक दलहरूले खुलेर प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई व्यवहारमा अवलम्बन गर्नु जरुरी छ । सार्वजनिक निकायहरूको योजना र व्यवस्थापन गर्ने क्षमतामा वृद्धि गर्नुपर्दछ । सुपरिवेक्षण र नियन्त्रण संयन्त्रलाई प्रभावकारी बनाउनुपर्दछ । वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद र विकास निर्माणका कार्यहरूको सुदृढीकरण गरिनुपर्दछ । यसबाट सार्वजनिक क्षेत्रमा जवाफदेहिता र पारदर्शिताको अभ्यास राम्ररी हुनुपर्दछ । सबै तहका पदाधिकारीलाई कारबाही गर्दै जानुपर्दछ । भ्रष्टाचार र नियन्त्रणका लागि विद्यालय र महाविद्यालयका पाठ्यक्रममा समेत यस विषयले स्थान पाउनुपर्दछ । सचेतनामूलक कार्यक्रमहरू बृहत्रुपमा सञ्चालन गर्ने व्यवस्था राष्ट्रले गर्नुपर्दछ ।

यी भए सैद्धान्तिक विषयहरू, तर नेपालमा राजनीतिक तहले भ्रष्टाचार बढाउन र वित्तीय अपराधमा प्रश्रय दिनका लागि जुन हिसाबले काम गरिराखेका छन्, त्यसबाट यी अपराधमा कमी आउने देखिँदैन । यसमा कमी ल्याउनको लागि सिंगापुर, डेनमार्क न्युजिल्यान्डले अवलम्बन गरेका नीतिहरू र असल अभ्यासको नेपालमा कार्यान्वयन हुनुपर्दछ । यस सन्दर्भमा अघि बढ्दा पनि नेपालमा भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय प्रगति हुने अवस्था देखिँदैन । किनकि नेपाली समाजले ग्रहण गरेको संस्कार नै भ्रष्टाचार र वित्तीय अपराध मैत्री छ ।

त्यसकारण नेपालमा यही अवस्थाले निरन्तरता पायो भने हङकङमा जस्तै त्यहाँको प्रहरी प्रमुखले ठूलो मात्रामा भ्रष्टाचार गरी आर्जित रकम चार्टर गरेर संयुक्त अधिराज्यमा शरण लिन पुगेपश्चात् त्यहाँका जनता स्वस्फूर्तरूपमा सडकमा निस्किए । त्यहाँको गभर्नरलाई बाध्य बनाई संयुक्त अधिराज्यसँग कूटनीतिक तहमा वार्ता गराइयो । ती प्रहरी प्रमुखलाई फिर्ता ल्याएर उनले भ्रष्टाचार गरेको सम्पूर्ण सम्पत्ति संयुक्त अधिराज्यबाट फिर्ता ल्याइयो ।

सबै राष्ट्रियकरण गरी उनलाई आजीवन कारावासको सजाय दिइएको थियो । ती प्रहरी प्रमुखको निधन कारागारमै भएको थियो । यही प्रकारको कारबाही नेपालको सम्बन्धमा नेपाली जनताले स्वस्फूर्तरुपमा गर्नुपर्ने परिस्थिति निर्माण भएको छ । तसर्थ निकट भविष्यमा यही प्रकारले देशको अधोगति हुँदै गयो भने हङकङमा जस्तै नेपाली जनता सडकमा निस्किनेछन् र सबै प्रकारका अपराधीलाई नेपाली जनताले नै कारबाही गर्नेछन्, जसबाट भ्रष्टाचार र वित्तीय अपराध नियन्त्रण गर्ने सन्दर्भमा उपलब्धि हासिल हुनेछ अनि अपराधमा कमी आउनेछ । अन्यथा यी अपराधहरु नेपालमा बढ्दै जाने हुन्, घट्ने परिस्थिति छैन ।

*(साभार: नेपाल समाचार-पत्र)*

# 'धर्मसन्तान थातथलो खोज्दै नेपाल आउने क्रम झन् बढ्छ'

✍ तारक घिताल

कुनै बच्चालाई धर्मसन्तानका रूपमा विदेश लैजाने काम विगतमा ठूलो व्यवसायको रूपमा सञ्चालन भएको थियो । त्यसरी जाँदा तीनवटा पक्षलाई निकै प्रभावित बनाएको देखियो । एउटा, वास्तविक बाबुआमा । अर्को बच्चालाई अंगीकार गर्ने बाबुआमा र तेस्रो स्वयं बच्चा । बच्चाहरूको सन्दर्भमा हेर्दा उनीहरूको स्वभाव पनि फरक-फरक हुँदोरहेछ । केही बच्चाहरू उता गएपछि त्यतै घुलमिल भएर बसेको भेटियो । उनीहरूले आफ्नो वास्तविक बाबुआमा खोज्दा रहेनछन् । कतिपय बालबालिका अलिकति ठूलो भएपछि उनीहरूलाई 'आइडेन्टिटी क्राइसिस' हुँदोरहेछ ।

बाबु गोरो छ, आफू गहुँगोरो । अथवा बाबु अर्कै छ, आफू अर्कै । उसको समुदायमा उसले आफू बेग्लै भएको महसुस गर्दोरहेछ । त्यसपछि उनीहरूमा मनोवैज्ञानिक समस्या देखिन थाल्दोरहेछ । उनीहरू अलिकति जान्ने-सुन्ने भइसकेपछि 'मेरो जरा कहाँ हो त ?' भनेर खोज्न थालेका उदाहरण प्रशस्तै भेटिन्छन् । एउटा बच्चा डेढ/दुई वर्षको हुँदा गएको थियो, अहिले २५/३० वर्षको भयो भने बल्ल आफ्नो ठाउँ खोज्दोरहेछ । विगत ८/१० वर्ष त यसरी निकै बालबालिकाहरूलाई विदेश पठाइयो । त्यतिबेला हजारौं बालबालिका विदेश पुगेका छन् । अब उनीहरूले आफ्नो थातथलो खोज्ने क्रम निरन्तर चल्छ, किनभने उनीहरूलाई आफ्नो 'आइडेन्टिटी क्राइसिस' छ ।

कतिपय त्यहीं हुर्किए, उनीहरूको घर बार र सन्तान समेत भयो । त्यसपछि समेत उनीहरूलाई 'मेरो सन्तान त यो हो, म कसको सन्तान हुँ' भन्ने महसुस हुँदोरहेछ । बिहेबारी र सन्तान भइसकेका मानिसहरू समेत आफ्नो मूल थलो खोज्दै आएका छन् । कोही किशोर अवस्थामा पनि आफ्नो बाबुआमा खोज्दै आएका छन् । जबसम्म त्यो पुस्ता रहन्छ, तबसम्म यो समस्या रहन्छ नै । त्यसरी गएकाहरू नेपाल आएर आफ्ना मान्छे भेट्न पनि गाह्रो छ । किनभने बालबालिकालाई लैजाने क्रममा पर्याप्त र व्यवस्थित अभिलेखीकरण भएको छैन ।

आजभन्दा ८/१० वर्ष अगाडिका पत्रपत्रिका हेर्ने हो भने बच्चा भेटिएका सूचना निकै आउँथे । कहिले पुलमुनि बच्चा भेटियो भन्ने सूचना आउँथ्यो, कहिले अस्पताल अगाडि बच्चा भेटिएको सूचना आउँथ्यो । ती बच्चाहरू निश्चित ठाउँमा लगिन्थे । त्यहाँ प्रहरीदेखि निश्चित संस्थाहरूको पहिलेदेखि सम्पर्क हुन्थ्यो । झट्ट हेर्दा, यस्ता अनाथ बालबालिकाको उद्धार भयो, विदेशमा लगेर राम्रै पढाइदिने भयो भन्ने त देखिन्छ । गाउँमा तिम्रो बच्चा पढाइदिन्छु भनेर पैसा उठाएर ल्याउने, अनि विभिन्न संस्थामा राखिदिने काम पनि गरे त्यसबेला । गाउँका मानिसहरूले यिनीहरूलाई शहरमा लगेर राम्रै पढाइदिएको छ, मौका परे विदेश जान्छन् भनेर दंग पारिदिएको अवस्था छ ।

**राज्य संयन्त्रका व्यक्तिहरूको मिलेमतो**

विगतमा पुलमुनिदेखि विभिन्न ठाउँमा भेटिने बालबालिकाहरूको तस्करीमा राज्यसंयन्त्र भित्र रहेका निश्चित व्यक्तिहरूको स्वार्थ र मिलेमतो पक्कै थियो । त्यतिबेलाका पत्रपत्रिका पल्टाउने हो भने कहिलेकाहीं त दिनदिनै जस्तो पुलमुनि बच्चा भेटिन्थ्यो । फेरि उनीहरू त्यस्ता ठाउँमा बडो सुरक्षित रूपमा भेटिएका हुन्थे । त्यतिबेला निश्चित गिरोहले काम गरिरहेको थियो । गिरोहको सञ्जालले प्रहरीभित्र मात्रै होइन, मन्त्रालयको केही समूहलाई पनि प्रभावित बनाएको देखिन्छ । केही हदसम्म कानुनी रूपमा उनीहरूको 'प्रभाव' पनि थियो । उनीहरूले आफूलाई सजिलो हुने गरी काम गरेका थिए ।

त्यसबेला बालबालिकाको स्क्रिनिङ गर्न नेपाल बाल संगठनको टोली जान्थ्यो । अन्यत्रको स्क्रिनिङ गर्ने टोलीमा बाल कल्याण समिति लगायतको टोली थियो । त्यतिबेला नियमावली नै त्यस्तो बनाइएको थियो । अहिले हेर्दा के देखिन्छ भने नीतिगत रूपमा नै प्रभावमा पारेर त्यसरी व्यापार गर्ने संयन्त्र बनाइएको थियो । अहिले भने अन्तरदेशीय ओसारपसारमा कडाइ गरेका कारण त्यति सहजै लैजान सकेको देखिँदैन ।

बालबालिकालाई धर्मपुत्र, धर्मपुत्रीको रूपमा ग्रहण गर्नु आफैंमा खराब कुरा होइन । परिवार नभएको बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री बनाएर परिवार दिने कुरा बालअधिकार भित्रै पर्ने कुरा हो । त्यसलाई नियमन गर्ने हाम्रा निकाय सक्षम नभएका मात्रै हुन् । अनि स्वार्थ समूहको खेलमेल बढी भएको हो । त्यसको असर नै मान्नुपर्छ, वास्तविक मानिसले बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको नाममा अंगीकार गर्न गाह्रो भएको छ । विदेशी मात्रै होइन, स्वदेशीले पनि अनेक झन्झट खेप्नुपरेको छ । अस्तिको एउटा उदाहरण छ, विदेशमा काम गर्न गएकी महिलाले बच्चा पनि लिएर आइन् । उनले बच्चा राख्नसक्ने अवस्था भएन ।

अनि कसैले ग्रहण गर्न सक्ने भए दिन्छु भन्दा पनि वास्तविक मानिसलाई लिन निकै अप्ठेरो भयो, उसले लिनै सकेन । ती बाबुआमा नेपाली समाजमा स्थापित चिकित्सक थिए, निकै प्रयत्न गरे । प्रयासको आग्रह गर्दा बरु उहाँहरूकै सन्तान भनेर जन्मदर्ता गरिदिऔं न भन्नेसम्मको कुरा भयो । उचित प्रक्रियाबाट कानुनसम्मत रूपमा काम गर्छु भन्दा पनि बाधा-अवरोध छ । यसलाई सहजीकरण गर्न हाम्रो राज्यसंयन्त्र अझै पनि सहयोगी छैनन् । यो प्रक्रियालाई 'ग्रे' अवस्थामा राख्यो भने निरन्तर चलखेल गर्न पाइन्छ भन्ने स्वार्थ समूहको उद्देश्य होला । धर्मसन्तान सम्बन्धी विषयमा अन्तर देशीय सवाल एउटा पाटो हो, देशभित्रै पनि थुप्रै राम्रा अभिभावकहरू त्यस्ता सन्तान लिन तयार छन् । उनीहरूको इच्छा अनुसार राम्रो व्यवस्थापन हुनसकेको छैन ।

म केन्द्रीय बालकल्याण समितिमा हुँदा एउटा बच्चाको अवस्था बुझ्नुपर्ने खबर आयो । ऊ धादिङको कुनै अस्पतालमा अलपत्र परेर फेला परेको भनी कागजातमा उल्लेख भएको रहेछ । मैले परीक्षणका लागि त्यो कागजात धादिङ नै पठाइदिएँ । धादिङमा त्यो अस्पताल छ कि छैन, त्यतिबेला त्यसरी बच्चा फेला परेको हो कि होइन ? त्यहाँ कुनै पनि कुरा फेला परेन । अस्पतालको नाममा सानो क्लिनिक रहेछ । बाँकी सबै बनावटी कुरा रहेछन् । त्यो बच्चा त्यसरी ल्याइएको कुरा विश्वसनीय हुन सकेन । हामीले प्रक्रिया अघि बढाउन रोक्यौं । आजभोलि भने व्यवस्था अलि कडा छ । धर्मसन्तान ग्रहण गर्ने विषयलाई हेर्न सक्षम निकाय व्यवस्था गर्न जरूरी छ । पहिले पनि संयन्त्र थियो, पछि भंग भयो । फेरि त्यसलाई पुनर्स्थापित गर्न सकेको देखिँदैन ।

जायज बालबालिका जायज रूपमा धर्मसन्तानको रूपमा व्यवस्था गर्नु नराम्रो होइन । कतिपय अवस्थामा पैसाको चलखेल हुन्छ । खासगरी विदेशीहरूलाई धर्मसन्तानको व्यवस्था गर्दा प्रशस्त रूपमा पैसाको चलखेल हुने गरेकै छ । त्यसलाई नियन्त्रण गर्नु आजको चुनौती हो । बालगृहले एक/डेढ वर्षदेखि राखेको हुन्छ । उसको सञ्चालन खर्च पनि हुने भएकाले केही भए पनि सहयोग गरौं भन्ने राम्रै अवधारणा होला । तर, त्यसको आडमा मलाई यही बच्चा दिएमा यति रकम दिन्छु भनेर मोलमोलाइ र चलखेल गर्नु गलत काम हो ।

खासगरी द्वन्द्वको समय र त्यसपछिका केही वर्ष नेपालमा यस्ता बालबालिकाको नाममा निकै चलखेल भयो । त्यतिबेलाका सञ्चार माध्यमहरूमा दैनिक १५ वटासम्म बालबालिका भेटिएको सूचना आए । बालबालिकालाई धर्मसन्तानको रूपमा पठाए बापत राम्रो आर्जन हुँदोरहेछ भनेरै त्यतिबेला केही बालगृह खुलेको देखिन्छ । पछि तिनीहरू बन्द भए । धर्मसन्तानको रूपमा प्रक्रिया अघि बढाउन बालगृहहरू केन्द्रीय बालकल्याण समितिमा सूचीकृत हुनुपर्ने थियो । द्वन्द्वकालको केही वर्षपछि अनुमति लिने बालगृहको संख्या निरन्तर घट्दै गएको थियो । अब प्रक्रिया कडा हुन थाल्यो र सहजै रकम आउँदैन भनेपछि उनीहरूले धमाधम बालगृह बन्द गरिरहेका थिए ।

बालगृहका सञ्चालकहरूले सबै प्रक्रिया पूरा गरेर काम गरिरहेका छौं भन्थे । प्रहरीबाटै लिएका हौं, प्रक्रियासम्मत काम भइरहेको छ भनी दाबी गर्थे । त्यसैले सबै बालगृहका सञ्चालकले बदमासी गरेका छैनन् । तर चलखेल गर्नेहरू पर्याप्त छन् ।

**विस्तृत अनुसन्धान जरूरी**

त्यतिबेला कर्णालीबाट थुप्रै बालबालिका काठमाडौं ल्याइएको थियो । सामाजिक र राजनीतिक कार्यकर्ताहरूले नै बच्चा बोकेर ल्याउने र यहाँबाट अनाथ हो भनेर पठाउने गरेका थिए । त्यहाँबाट ल्याउँदा तिम्रो बच्चालाई राम्रो ठाउँमा राखेर पढाइदिन्छु, राम्रो ठाउँमा पढाउन पाउँछौं भन्ने कुरा गरेका हुन्थे । मानिसहरूले पनि सहज रूपमा त्यो प्रस्ताव स्वीकारे । अर्कोतर्फ हामीकहाँ बालबालिका संरक्षण सम्बन्धी स्पष्ट संयन्त्रको पनि अभाव छ । जिल्लामा बाल कल्याण समिति थियो, त्यो आफैं पनि सक्षम थिएन । समुदायमा पनि त्यस्तो संयन्त्र थिएन । वरपरका मानिसहरूले सोध्दा 'पढाइदिन्छु भनेकाले पठाएको' भन्ने जवाफ हुन्थ्यो ।

त्यतिबेला महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत नै धर्मसन्तान हेर्ने एउटा संयन्त्र थियो । त्यसले केही तथ्यांक राखेको थियो । तर, अहिले मन्त्रालयमा त्यो तथ्यांक छैन पनि होला । हाम्रो प्रणालीमा कागजातको अभिलेखीकरण असाध्यै कमजोर छ । कतिपय निकायमा अभिलेख नरहनुमा नियत पनि जोडिएको हुनसक्छ । बालमन्दिरको हकमा स्क्रिनिङ गर्ने र पठाउने संयन्त्र नै त्यहीभित्र थियो । अरूको हकमा केन्द्रीय बालकल्याण समितिमा आउनुपर्ने व्यवस्था थियो, तर बाल मन्दिरको हकमा त्यहीभित्र छुट्टै संयन्त्र किन बनाइयो, प्रश्न यो पनि हो । त्यतिबेला नीतिगत रूपमा नै बाल मन्दिरका लागि सजिलो बनाइदिएको देखिन्छ ।

अहिले ४१ वर्षपछि समेत विदेशबाट त्यतिबेला पठाइएका बालबालिकाहरू बाबुआमा खोज्दै आइरहेका छन् । भेटिएका बालबालिका भनेर बाबुआमाबाट पढाउने वा अरू प्रलोभनमा ल्याइएका बालबालिका पठाइएका छन् । यो छानबिन हुनुपर्ने विषय हो । बाबुआमाले पनि पठनपाठन र अध्ययनको आशामा सन्तान ल्याएर छाडे । सन्तानको भविष्यका लागि जिम्मा लिए, त्यसपछि बालबालिकालाई बालगृहहरूले अनाथ बनाइदिए ।

*(साभार: अनलाइनखबर)*

# विदेशी रंगशालामा देखिएको डायस्पोराको शक्ति

काठमाडौं/जारी विश्वकप क्रिकेटको प्रारम्भिक चरणबाट नै नेपाल बाहिरिइसकेको छ । ब्याटिङ लाइनमा देखिएको केही कमजोरीका बाबजुद उत्कृष्ट बलिङको मद्दतले नेपालले विश्वस्तरीय क्रिकेटमा आफूलाई उभ्याउन सफल भएको छ । दक्षिण अफ्रिका जस्तो महारथीसँग १ रनको झिनो अन्तरले पराजित हुनु र बंगलादेशलाई १०६ रनमै समेट्न सक्नु नै नेपालको लागि यो विश्वकपको सर्वाधिक सफलता हो ।



यस खेलको अर्को प्रशंसनीय पाटो भने विश्वको ध्यान आकृष्ट गर्न सफल हुनु हो, जुन बेहद खुशीको पाटो हो । विश्वकपबाट बाहिरिए पनि विदेशी रंगशालामा नेपाली दर्शकहरूको विशाल उपस्थितिले विश्वको मन जितेको छ । क्रिकेटले नेपालको नाम विश्वमा अझै बढी स्थापित गर्न मद्दत पुऱ्याएको छ । कमेन्टेटरहरूले समेत माउन्ट एभरेस्टको देश, राइनोको देश भनेर चिनिएको नेपाललाई क्रिकेटको अपार क्रेज रहेको देश भनेर स्थापित गरिदिएका छन् ।

जून ४ मा अमेरिकाको डल्लासस्थित ग्रायण्ड पेयरी रंगशालामा हजारौं नेपाली दर्शकले कीर्तिपुरको झल्को मेट्ने गरी नेपाली राष्ट्रप्रेम पोखे । अमेरिकाको विभिन्न स्थानदेखि क्यानडा, अष्ट्रेलियासम्मबाट अमेरिका उडेका नेपालीको उपस्थितिले यता स्वदेशमा भने एकैपटक धेरै सन्देश दिन खोजेको भान हुन्छ । नेदरल्याण्डस्ले खेल जिते पनि विश्वको मन भने नेपालले जित्यो । त्यो स्तरको क्रेज र समर्पण नेपाली क्रिकेटका लागि आफैंमा विशेष उपलब्धि हो जुन अन्य एसोसिएट राष्ट्रहरूले विरलै प्राप्त गरेका छन् ।

कतिपय महत्वपूर्ण खेलहरूमा समेत दर्शकको उल्लेख्य उपलब्धि नदेखिएको जारी विश्वकपबारे अनेकौं बहस चलेका थिए । तर सुन्दर संसार निर्माण गर्न अनेकौं हण्डर ठक्कर खाएर अमेरिका पुगेका नेपालीहरू देशको क्रिकेट टिमको हौसला बढाउन राम्रै डलर खर्चेर रङ्गशाला पुगे ।

यस्तो देख्दा हरेक सचेत प्राणीलाई लाग्दो हो नेपाली विचित्र र अजीव छन् । उनीहरूलाई देशप्रतिको माया-मोहमा किञ्चित समस्या छैन । त्यसैले त विश्वले खुलेरै बोल्यो नेपालमा क्रिकेटको विशाल सम्भावना छ । साँच्चिकै विश्वभरि छरिएर रहेका नेपाली डायस्पोराहरूले काठमाडौंलाई स्पष्ट सन्देश दिएका छन्- देशप्रतिको माया अगाध छ र हामीलाई देशको विकासमा परिचालन गर । अब क्रिकेटको महासंग्रामलाई डायस्पोराको अर्को आर्थिक पाटोतिर बदल्ने चेष्टा गरौं ।

डायस्पोरा भनेको आप्रवासीहरूको विश्वव्यापी समुदाय हो जसले आफ्नो मातृभूमिसँग भावनात्मक सम्बन्ध राख्दछ । त्यस्तै डायस्पोराबारे १८ मे, २०१६ को अन्तर्राष्ट्रिय मुद्राकोषको ब्लगमा पृथा मित्रा लेख्छिन्- डायस्पोराहरूले पनि आफ्नो देशहरूमा व्यापार अवसरहरू र सरकारी बन्धनहरूमा सीधा लगानी गर्छन् । पूँजीमा लगानीलाई समर्थन गर्नुका साथै डायस्पोराहरूले शिक्षा, तालिम र स्वास्थ्य सेवालाई कोष गरेर उत्पादकत्वलाई पनि समर्थन गर्छन् ।

मित्राको अनुसार आफ्नो शिक्षा र तालिमको आधारमा, डायस्पोरा नेटवर्कहरूले विभिन्न माध्यमबाट उत्पादकत्व बढाउँदै ज्ञान र विशेषज्ञता प्रदान गर्छन् । त्यस्तै शैक्षिक पाठ्यक्रम र तालिमको डिजाइनमा योगदान दिएर, डायस्पोराहरूले आफ्नो देशमा शिक्षाको गुणस्तर बढाउन मद्दत गर्दछन् । तिनीहरूले प्रत्यक्ष रूपमा कठोर व्यावसायिक विकास र नेतृत्व प्रशिक्षण कार्यक्रमहरू पनि प्रदान गर्न सक्छन् । तिनीहरूको सीप, सम्पर्क, विश्वव्यापी अवसर र स्थानीय चलनहरूमा तिनीहरूको अन्तर्दृष्टिको साथ कसरी ज्ञानको संयोजन गर्दै, डायस्पोराहरूले आफ्नो मातृभूमिमा रहेका व्यवसायहरूलाई अवरोधहरू पार गर्न, दक्षता बढाउन र नयाँ बजारहरूमा विस्तार गर्न मद्दत गर्छन् ।

सन् २००० देखि २०२२ सम्म विश्वव्यापी रेमिट्यान्स प्रवाहमा ६५० प्रतिशतभन्दा बढी वृद्धि भई १२८ अर्ब अमेरिकी डलरबाट ८३१ अर्ब अमेरिकी डलर पुगेको संयुक्त राष्ट्रसंघस्थित 'आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन'ले प्रकाशित गरेको 'वर्ल्ड माइग्रेसन रिपोर्ट'ले खुलासा गरेको छ ।

७ मे, २०२४ मा प्रकाशित उक्त प्रतिवेदनले 'अन्तर्राष्ट्रिय आप्रवासन मानव विकास र आर्थिक वृद्धिको मूल संवाहक रहेको ठहर गरेको छ । धेरै विश्लेषकहरूको अनुमान विपरीत कोभिड-१९ का कारण रेमिट्यान्समा उल्लेख्य कमी आउने भविष्यवाणी गरे पनि रेमिट्यान्स प्रवाहमा वृद्धि निरन्तर जारी रहेको उक्त प्रतिवेदनले जनाएको छ । ८३१ अर्ब डलर रेमिट्यान्समध्ये ६४७ अर्ब आप्रवासीहरूले न्यून र मध्यम आय भएका देशहरूबाट पठाएका थिए । त्यस्तो रेमिटेन्सहरूले ती देशहरूको जीडीपीको एक महत्वपूर्ण भाग बन्न पुगेको छ ।, र विश्वव्यापी रूपमा रेमिटेन्सको यस्तो प्रवाहले अब ती देशहरूमा प्रत्यक्ष वैदेशिक लगानीको हिस्सालाई उछिन्ने अवस्थामा पुगेका छन् । नेपालमा यस्ता डायस्पोराहरूले पठाएको रेमिट्यान्सको हिस्साले देशको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको छ । वैदेशिक सञ्चितिको मुख्य हिस्सा रेमिट्यान्स नै हो । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा रेमिट्यान्सको हिस्सा २०२२/२३ को वित्तीय वर्षमा २२.८ प्रतिशत रहेको भर्खरै प्रकाशित आर्थिक सर्वेक्षणले देखाएको छ । २०२१/२२ को वित्तीय वर्षमा यस्तो हिस्सा २०.२ प्रतिशत रहेको थियो ।

टाट पल्टिने अवस्थामा पुगेको वैदेशिक मुद्रा सञ्चितिलाई उकासेर झण्डै १३ महिनाको लागि वस्तु तथा सेवा आयात गर्न पर्याप्त हुने मौज्दातको व्यवस्थाको लागि रेमिट्यान्स र डायस्पोराको भूमिका उत्तिकै महत्वपूर्ण छ ।

भारतीयहरूले आप्रवासन वा बसाइँसराइलाई राष्ट्रिय हितमा उपयोग गर्न हरसम्भव प्रयत्न गरिरहेका छन् । अमेरिकामा अहिले झण्डै ५० लाख भारतीय रहेको अनुमान गरिन्छ । तर तिनीहरूले भारत र अमेरिका बीचको दुईपक्षीय कूटनीतिक सम्बन्धमा निकै ठूलो भूमिका खेलेका छन् भने रेमिटेन्सको प्रवाहमा समेत उत्तिकै भूमिका रहेको छ ।

अमेरिकाको ठूलाठूला बहुराष्ट्रिय कम्पनीदेखि सुरक्षा, कूटनीति, व्यावसायिक र प्राज्ञिक क्षेत्रमा उच्च तहमा रहेर काम गर्नेहरूको ठूलो सूची नै तयार हुन्छ । यद्यपि यो मामलामा नेपालीहरूको पहुँच नभए पनि अर्को पुस्तामा पुग्दा संख्यात्मक र गुणात्मक उपलब्धि हात पार्न सक्छ ।

त्यसैले डायस्पोरा कम्युनिटीलाई पूर्वाग्रहको दोषी चश्माबाट होइन कि काठमाडौंका शासकहरूले उनीहरूको क्षमता, दक्षता र राष्ट्रभावलाई नेपालको हितमा उपयोग गर्न सक्नुपर्छ । यसमा कुनै वादको लेपन लगाउन खोजियो भने त्यसले गम्भीर समस्या र शंका पैदा गर्छ ।

प्रवासीहरू विदेशमा श्रम मात्र गर्दैनन् । उनीहरूले सीप, कला, क्षमता र दक्षताको समेत विकास गरेका हुन्छन् । हुनत अमेरिका यसै पनि आप्रवासीहरूको देश हो । ५ अक्टोबर, २०२३ को फोर्ब्स पत्रिकामा स्टुआर्ट एण्डरसनका अनुसार- सन् २०२३ मा चिकित्सा, रसायन र भौतिकशास्त्रमा नोबेल पुरस्कार प्राप्त गरेका ६ जना अमेरिकी मध्ये चार जना आप्रवासीको रूपमा अमेरिका आएका थिए । नयाँ अनुसन्धानले देखाउँछ कि आप्रवासीहरूले अमेरिकामा वैज्ञानिक क्षेत्रहरूमा उल्लेखनीय योगदान पुऱ्याएका छन्, विशेष गरी विगत दुई दशकहरूमा ।

'नेशनल फाउन्डेसन फर अमेरिकन पोलिसी' ले गरेको विश्लेषण अनुसार सन् २००० देखि रसायन, चिकित्सा र भौतिकशास्त्रमा अमेरिकीहरूले जितेका नोबेल पुरस्कारमध्ये ४० प्रतिशत, वा ११२ मध्ये ४५ जना आप्रवासीहरूले पाएका छन् । 'सन्१९०१ र २०२३ को बीचमा, रसायनशास्त्र, चिकित्सा र भौतिकशास्त्रमा अमेरिकीहरूले जितेका नोबेल पुरस्कारहरूमध्ये ३६ प्रतिशत वा ३१९ मध्ये ११५ आप्रवासीहरूलाई प्रदान गरिएको छ ।

डायस्पोराको तागतबारे बुझ्न जारी इजरायल-प्यालेस्टाइन युद्धतिर एक नजर लगाउनु उपयुक्त हुन्छ । जब हमासको प्रतिकारमा इजरायलले गाजामा हवाई हमला सुरु गऱ्यो त्यसको मानवीय हताहती भीमकाय थियो । तर विश्वभरि छरिएका प्यालेस्टिनीहरूले जब इजरायली आक्रमणको निशानामा परेका सर्वसाधारणको जीवन रक्षाको लागि विश्वव्यापी प्रदर्शन गरे जन्मभूमि प्रतिको आस्था र अति संवेदनशील समयमा विश्वव्यापी समर्थन जुटाउन त्यसले गर्ने सहयोगलाई स्पष्ट पार्छ ।

लण्डनमा झण्डै ५ लाख मानिसहरूले युद्धको विरुद्ध र प्यालेस्टाइनको पक्षमा ऐक्यबद्धता जाहेर गरे । अमेरिकामा पनि लाखौंको संख्यामा प्रदर्शन गरिएको थियो । अझ महत्वपूर्ण पाटो अमेरिकाका मुख्य: विश्वविद्यालयहरूमा गरिएको प्रदर्शन स्मरणयोग्य छ । चीन र भारतको चेपुवामा रहेको नेपाल पनि भूराजनीतिक कोणबाट संवेदनशील स्थानमा रहेको छ । महाशक्तिको धुन बजाइरहेका दुवै छिमेकीहरूले आफ्नो आन्तरिक स्वार्थ र सुरक्षालाई केन्द्रमा राख्ने हुँदा नेपालमा हुने स-साना गतिविधिमा समेत उनीहरू ध्यान केन्द्रित गरी प्रत्यक्ष वा परोक्ष हस्तक्षेपको नीति अपनाइरहेका छन् ।

कथंकदाचित नेपालमाथि हस्तक्षेप गरेको खण्डमा विश्वभरि छरिएर रहेका नेपाली डायस्पोराहरूले प्यालेस्टिनीहरूले जस्तो संसारका कुनाकुनाबाट आवाजहरू बुलन्द गर्न सक्छन् । यसलाई महत्वपूर्ण सम्पत्तिका रूपमा सत्तासीनहरूले बुझ्न जरुरी छ । १२ कक्षा उत्तीर्ण गरेपछि विदेशिनेहरूको लर्कोले पछिल्ला केही वर्षयता तीव्रता पाएको छ । करोड रुपैयाँसम्म तिरेर तल्लो बाटो अमेरिका जान लालायित पश्चिम नेपालका युवाहरूको लर्कोले आजको नेपालको यथार्थता गजबले चित्रण गरिरहेको छ । छिटोछिटो पैसा कमाउनुपर्छ, पैसा विना यो देशमा अब केही पनि गर्न असम्भव छ भन्ने मनोविज्ञान चौतर्फी व्याप्त छ ।

सत्तासीन र राजनीतिक पहुँच भएकाहरूले राज्यस्रोतमा गरेको दोहन र आफूसँग क्षमता हुँदाहुँदै पनि दैनिक निरीह बन्नु परि रहेको कटु यथार्थताले दैनिकजसो युवाको घाँटी रेटिरहेको छ । यस्तो विषम परिस्थितिको सामना र अनावश्यक जोखिम लिएर नेपालमा केही गर्नुभन्दा जेजसरी पनि विदेशिनु उपयुक्त छ भन्ने निष्कर्षमा आजको युवा पुस्ता पुगेको छ । विमानस्थलमा दैनिक हजारौं युवाको बहिर्गमनले यो तर्कलाई पुष्टि गर्न बल पुऱ्याइरहेको छ ।

यसले देशका जनताको मनोवैज्ञानिक पक्ष डिप्रेसनमा छ भन्ने देखाउँछ । जुन निकै डरलाग्दो पक्ष हो । यद्यपि देशमा केही पनि विकास नभएको, सबै ध्वस्त भएको, कुनै भविष्य नभएको भन्ने होइन । यो गलत भाष्य हो भनेर लेखकले बारम्बार भनिरहेको छ । केही वर्ष अगाडि १६ घण्टासम्म विद्युत् आपूर्ति बन्द हुने देशमा अहिले झण्डै ४००० मेगावाट विद्युत् उत्पादन सुरु हुन थालेको छ भने ९५ प्रतिशत बढी नेपालीले बिजुली पाएका छन् ।

देश सुरुङ युगमा प्रवेश गरेको छ । मुख्य सडक मार्गहरू चाक्लो बनाउने अभियानले तीव्रता पाएको छ । मोटरबाटो, खानेपानी, इन्टरनेट, स्मार्ट फोन, केबल, टेलिभिजन सेटदेखि सामान्य स्वास्थ्य सेवा र औषधिमूलो गाउँगाउँसम्म पुगेको छ । तर जनताले यसलाई आफैं हुने विकास मानेको छ । तीव्र आर्थिक विकास (एक्स्पोनेन्सियल) र रोजगारीको उपलब्धता विना डिप्रेसनले गाँजेको देशलाई सहजस्थितिमा ल्याउन निकै गाह्रो पर्छ ।

अर्थतन्त्रमा डिप्रेसनले गाँजेपछि पुनर्संरचना विना देश तङ्गिन सक्दैन । त्यसको लागि कृषि वा निर्माणमा आधारित अर्थतन्त्रलाई सेवा क्षेत्र वा अन्वेषण र प्रवर्धनमा आधारित उच्च प्रविधियुक्त क्षेत्रमा रूपान्तरण गर्नुपर्छ । त्यस्तै देशका जनताको मनोविज्ञान मन्दीले छोप्दा उकास्ने भनेको तीव्र आर्थिक वृद्धि र स्वदेशमा नै गुणस्तरीय रोजगारीको सृजना हो । अन्यथा चरम भूमण्डलीकरण (हाइपर ग्लोबलाइजेशन) ले गहिरो गरी छोएको नेपाली समाजमा विदेशिने ट्रेण्डलाई पनि सहजतापूर्वक ग्रहण गर्नुपर्छ । यसलाई वैश्विक समस्याभन्दा पनि विश्व अर्थतन्त्रको मुख्य विशेषताको रूपमा लिनुपर्छ ।

यसरी देश छोड्ने युवापुस्तको बाढीले त्रिभुवन विमानस्थल ढाके पनि त्यसले देशका शासकलाई कुनै असर गर्दैन । झन् फाइदा पुऱ्याइरहेको हुन्छ । किनकि सरकारप्रति रोष प्रकट गर्ने र आन्दोलन गर्ने समूह नै देशमा नभएपछि निष्फिक्री र निर्लज्ज सत्तासीनहरू देशमा आगो लाग्दा पनि रोमको शासक निरो जस्तो बाँसुरी बजाइरहन्छन् ।

नेपालमा रहँदा विभिन्न राजनैतिक दलमा विभाजित भएर सामाजिक सञ्जालदेखि भौतिक हिसाबले भिडन्तमा उत्रने नेपाली युवा अमेरिकी रंगशालामा भने त्यस्ता निकृष्टता सबै थन्काएर क्रिकेट टिमको हौसला बढाउन हजारौं माइल टाढाबाट हजारौं डलर खर्च गरेर आएका थिए ।

खेलभन्दा बढी नेपाली दर्शकहरूको उपस्थिति र मनोविज्ञानले विश्वभरका मिडियामा चर्चा पायो । यसले नेपाली क्रिकेटको क्रेज र गरिमा मात्र बढाएन नेपालीहरूको देशप्रेमलाई पनि विश्वसामु छताछुल्ल पारिदियो । काठमाडौंका शासकहरूले यसलाई कसरी लिन्छन् त्यो छुट्टै कुरा हो, यसलाई देश विकासमा उपयोग गर्न चुक्न हुन्न भन्ने मुख्य सन्देश हो ।

साहित्यकार बालकृष्ण समले नाटक 'मुकुन्द-इन्दिरा'मा देशभक्तिबारे भनेका छन्, 'देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि ।' राजनीतिक दल र तिनका नेताहरू चुत्थो हुनसक्छन् तर देश चुत्थो हुन्छ हुँदैन बहसको अर्को पाटो हो । तर अमेरिकामा पोखिएको नेपालीपन वास्तविक देशभक्ति भाव हो । अघिपछि राजनैतिक दल र नेताहरूको पक्षमा आरोप-प्रत्यारोपमा ओर्लने नेपालीहरू त्यसदिन सबै पाटा-पक्षलाई पोको पारेर खेलाडीहरूको मनोबल वृद्धिका लागि रङ्गशालामा उपस्थित भएका थिए ।

काठमाडौंबाट १२ हजार किमीभन्दा टाढा रहेको अमेरिकामा टनाटन नेपाली जर्सी लगाएका मानिसहरूको सागरले धेरैलाई अचम्मित पारेको हुनुपर्छ । रोजगारी र श्रमका लागि आएका नेपालीहरूको त्यस्तो समर्पण भावले कसको मन छुँदैन होला र ? नेपालीले विश्वलाई देखाइदिए कि देश गरिब होला तर नेपालीको मन विश्वमा सबैभन्दा उँचो छ ।

*(स्रोत: अनलाइनखबर)*

# इराकमा ५ महिनादेखि ५ नेपाली महिला बन्धक

काठमाडौं/मासिक ४० हजार रुपैयाँ कमाइ हुने प्रलोभन देखाएपछि मकवानपुरकी शान्ति माया गोले विदेश जान राजी भइन् । 'घरको काम हो, दु:ख हुँदैन' भनेर लोभ देखाएकी थिइन्, मकवानपुरकै बिना लामाले । बिनाले गाउँका अनय महिलाहरुलाई पनि विदेश पठाएकी थिइन् । शान्ति पनि आर्थिक समस्यासँग जुधिरहेकी थिइन् । बिनाको प्रस्ताव आएपछि शान्ति ८० माघ अन्तिममा इराक जान भनेर घरबाट निस्किन् । उनलाई आफू कसरी जादैछु भन्ने समेत थाहा थिएन, न त बिनाले नै केही बताएकी थिइन् । शान्तिको साथ लागेर उनकी दिदी मञ्जु वाइबा पनि गएकी थिइन् ।

०८० माघमा उनीहरुलाई भिजिट भिसामा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट दुबई हुँदै इराक पुऱ्याइयो । त्यहाँ उनीहरुलाई घरेलु कामदारहरु 'सप्लाइ' गर्ने कम्पनी 'बर्जा कोस्क' मा पुऱ्याइयो । कुर्दिस्तानको नाज शहरमा रहेको उक्त कम्पनीले ६ महिनायता शान्ति सहित पाँच नेपाली महिलाहरुलाई बन्धक बनाएर राखेको शान्तिका श्रीमान् जोन नगरकोटीले बताए । 'घरमा काम लगाइदिने भनेर ६ महिनादेखि बन्धक बनाएर राखिएको छ', उनले संचारकर्मीसँग भने ।

शान्तिले उनलाई बताए अनुसार मकावनपुरकी चन्द्रकुमारी गुरुङ, मञ्जु बाइबासहित दुई जना पनि बन्धक बनाइएका छन् । बाँकी दुई जनाको नाम भने आफूलाई थाहा नभएको जोनले बताए । शान्तिसँग सम्पर्कमा रहेका उनी भन्छन्, 'बाहिर कतै निस्कन पनि दिएको छैन । एजेन्टले फोन र पासपोर्टहरु समेत खोसेकाले कहिलेकाहीं मात्र सम्पर्क हुने जोन बताउँछन् ।

शान्तिले जोनलाई बताए अनुसार त्यहाँ नेपालीसँगै भारत, बंगलादेश, पाकिस्तान लगायतका देशका महिलाहरु पनि छन् । घरेलु काम लगाइदिने भन्दै अवैध बाटोबाट ल्याइएका उनीहरुलाई बन्धक बनाएर राख्नेमा नेपाली पनि छन् । बर्जा कोस्क नामक उक्त कम्पनीको फेसबुक पेज समेत भेटिन्छ । उक्त पेजमा विदेशी कामदारहरु उपलब्ध गराइने भनेर लेखिएको छ भने विज्ञापन पनि राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# करण परियारले जिते नेपाल आइडल सिजन ५ को उपाधि



काठमाडौं/गायन रियालिटी शो नेपाल आइडल सिजन ५ को उपाधि बर्दियाका करण परियारले जितेका छन् । शनिबार राति नेपाल आइडलको स्टुडियोमा भएको ग्रान्ड फिनालेमा अन्य फाइनलिस्टहरु मोहित भुजेल, सलोमी गुरुङ र सचिन विश्वकर्मालाई पछि पार्दै उनी विजेता बनेका हुन् । दर्शकको भोटको आधारमा उनी विजेता चुनिएका हुन् ।

उपाधि जितेसँगै उनले ट्रफीसहित २५ लाख रुपैयाँ नगद र अन्य पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा पोखराकी सलोमी गुरुङ फस्ट रनरअप बनिन् । उनले ट्रफीसहित नगद १० लाख पुरस्कार प्राप्त गरिन् । यस्तै दार्जिलिङका सचिन विश्वकर्मा सेकेन्ड रनरअप बने । उनले नगद ५ लाख रुपैयाँ प्राप्त गरे ।

दार्जिलिङकै मोहित भुजेल थर्ड रनरअप भए । उनले स्कुटर पुरस्कार प्राप्त गरे ।

चार महिनादेखि जारी नेपाल आइडल सिजन ५ को विजेता दर्शकको भोटको आधारमा गरिएको हो । नेपाल आइडलका निर्णायकहरु न्ह्यू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बाँस्कोटा छन् । शोलाई रीमा विश्वकर्मा र आसिफ शाहले होस्ट गरेका थिए ।

ग्रान्ड फिनालेमा नेपाल आइडल सिजन ३ की विजेता सज्जा चौलागाईं, पूर्वप्रतिस्पर्धी समेत रहेका गायक-गायिकाहरु प्रताप दास, प्रवीण बेडवाल, मेनुका पौडेल, अफ्सर अली, यो सिजनका टप १० प्रतिस्पर्धी लगायतले प्रस्तुति दिएका थिए ।

नेपाल आइडललाई एपीवान टेलिभिजनले निर्माण गर्दै आएको छ । शोका निर्देशक सुरेश पौडेल हुन् ।

# प्रभास: चाहन्थे होटल खोल्न, बने 'पेन इन्डिया स्टार'



काठमाडौं/१९ वर्षको एउटा युवक, जो अंकलसँग चुनाव प्रचार गरिरहेको थियो । त्यो प्रचारलाई चुस्त बनाउन उसले कुनै कसर बाँकी छाडेन । अंकलले लोकसभा चुनाव पनि जिते । तर, यो प्रचारको दौरानमा ती युवकले एउटा प्रण गरे, 'जेसुकै भए पनि राजनीतिमा चाहिँ आउँदिनँ ।' न उनलाई राजनीति मनपऱ्यो न त्यसको तौरतरिका । ऊ अल्छी स्वभावको थियो । उसको प्रेम सिर्फ खानाप्रति थियो ।

खानाप्रतिको प्रेमकै कारण उसले भविष्यमा एउटा ठूलो होटल खोल्ने लक्ष्य लियो । तर भनिन्छ नि, 'कोपिलाले कस्तो आकार लिन्छ भन्ने कुरा नफुल्दै अनुमान गर्न सकिँदैन ।' प्रत्येक कोपिलाको आफ्नै निश्चित आकार हुन्छ । ती युवकको जीवनमा पनि यस्तै भयो । एउटा ठूलो होटल खोल्ने सोच बनाएको ऊ अहिले साउथ फिल्मको सुपरस्टार बनेको छ । उनी हुन्, प्रभास । अर्थात् 'रेबेल स्टार' ।

पिता उप्पलपति सूर्य निर्माता र चुनाव समेत जितेका अंकल कृष्णम राजू साउथ फिल्मका ठूला स्टार थिए । पिताले बनाएको फिल्म 'भक्त कन्नप्पा' हेरेपछि प्रभासले होटलको सपना त्यागेर हिरो बन्ने लक्ष्य लिए । सन् २००२ मा आएको 'ईश्वर'बाट उनको त्यो सपना पूरा भयो । त्यसपछि 'वर्षम'ले उनलाई तेलुगू इन्डस्ट्रीमा पहिचान दिलायो । 'बाहुबली'ले भने प्रभासलाई 'पेन इन्डिया स्टार' बनायो ।

उनलाई 'स्टारडम'को घुड्की निर्देशक एसएस राजामौलीले पिलाएका हुन् । सन् २००५ मा आएको राजामौलीको फिल्म 'छत्रपति'ले उनलाई करिअरको उत्कर्षमा पुऱ्याएको थियो । यसपछि 'डार्लिङ', 'रेबेल', 'मिर्ची' जस्ता फिल्मबाट उनले गजब 'स्टारडम' बनाए । 'बाहुबली' सिरिजले त उनलाई विश्वव्यापी चर्चा दिलायो । अहिले उनी तेलुगू इन्ड्रस्टीका सफल र महंगा अभिनेता कहलिएका छन् ।

प्रभासको करिअरकै उत्कृष्ट फिल्मको रुपमा 'बाहुबली'लाई लिइन्छ । तर, यसका लागि उनी पहिलो रोजाइ भने थिएनन् । निर्देशक राजामौली बलिउड सुपरस्टार ऋतिक रोशनलाई फिल्म बनाउन चाहन्थे । तर, उनले अस्वीकार गरेपछि प्रभासको पोल्टामा फिल्म परेको थियो । यही फिल्मका लागि उनले करिब चार वर्ष समय दिएका थिए । अन्तत: यसले उनलाई नसोचेको सफलता दिलायो ।

# टिभी श्रृंखला 'ख्याल ठट्टा'बाट फर्किइन् मिस पबी



काठमाडौं/हाँस्य टेलिश्रृंखला 'ख्याल ठट्टा' नयाँ टिमका साथमा शनिबारदेखि प्रसारणमा आएको छ । यो श्रृंखलालाई सुरज खनालले लेखन तथा निर्देशन गरेका छन् ।

यसअघिको 'अत्ति भो' टेलिश्रृंखलाको टिमलाई अब ख्याल ठट्टामा देख्न पाइने भएको हो । शनिबार बिहान एक कार्यक्रमका बिच 'ख्याल ठट्टा'को कलाकार, प्राविधिकसँगै प्रसारण मिति र समयबारे जानकारी दिइयो ।

शनिबार साँझ ७: १५ बजे सन्सा फिल्मस् युट्युव च्यानलबाट स्ट्रिमिङ हुने बताइएको छ । कार्यक्रममा एमाले सांसद गोकर्ण बिष्टले सफलताको शुभकामना दिए ।

प्रमुख अतिथि विष्टले आफूलाई कलाकार मनपर्ने र कलाकारले कलाकारिताको माध्यमबाट समाजमा सन्देश फैलाउनुपर्ने बताए । उनले भने, 'तपाईको टेलिश्रृंखलाले पनि मनोरञ्जनसँगै समाजका बिभिन्न विषयमा सकारात्मक सन्देश फैलाउन सकोस् । लोकप्रिय बनोस् शुभकामना व्यक्त गर्दछु ।'

कलाकार सुरविर पण्डित (दाह्री बा) ले सिरियलको भीडमा फरक बनोस् भन्दै सफलताको शुभकामना दिए । कलाकार निर्मल शर्माले राम्रो टिमसँग काम गर्न पाउँदा खुसी लागेको भन्दै आफूले अहिलेको समयमा एकमात्र सिरियलमा काम गरेको जानकारी समेत गराए ।

कलाकार धनराम मुस्कान, शर्मिला शर्मा, चन्दा विडारी लगायतका कलाकारले पनि आफ्नो अनुभव सुनाएका थिए । सिरियलका लेखक, निर्देशक तथा कलाकार सुरज खनालले यसअघि आफूमा 'अत्ति भो' सिरियलमा २०१ भाग निर्देशन गरेको अनुभव रहेको र ख्याल ठट्टामा अझै राम्रो गर्ने प्रतिबद्धता जनाए ।

सिरियलमा पवित्रा शांकी (मिस पबि)को पनि मुख्य भूमिका छ । साथै निर्मल शर्मा, शर्मिला शर्मा, धनराम मुस्कान, सुरज खनाल, युवराज तिमल्सिना, रेशम बुढाथोकी, कल्पना खतिवडा, सुबि शाही, चन्दा बिडारी, सुमन खनाल, सोभाखर खनाल, भुवन के पोखेल, सोनिया पुरी, अस्मि थापा, श्याम खनाल, बलराम खड्का लगायतका कलाकारको अभिनय छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कुपोषण न्यूनीकरणमा कैलाशको सक्रियता



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरको विकट कैलाश गाउँपालिकामा पनि बालबालिका, सुत्केरी तथा गर्भवती महिलामा हुने कुपोषणको दर उच्चमात्रामा रहेको छ ।

कुपोषणको समस्या बढ्दै जान थालेपछि त्यसको पहिचान र उपचारको लागि कैलाश गाउँपालिकाले चालु आर्थिक वर्षदेखि कुपोषण निराकरणमा अभियान नै चलाएको छ । कुपोषितको खोजी गरी गाउँपालिकाले कडा शीघ्र कुपोषण भएकाहरुलाई बहिरंग स्वास्थ्य उपचारकेन्द्र नै स्थापना गरी उपचार गरिएको छ भने मध्यम शीघ्र कुपोषण भएकाहरुलाई नियमित रुपमा पौष्टिक आहार उपलब्ध गराएको छ ।

'कुपोषणरहित गाउँपालिका, हाम्रो अभियान' भन्ने नाराकासाथ अघि बढेको गाउँपालिकाले गाउँका हरेक टोलमा पुगी कुपोषितको 'खोज र उपचार गर' अभियान चलाएको थियो । यो अभियानअन्तर्गत गाउँपालिकामा चालु आर्थिक वर्षमा ८२ जना कुपोषित महिला र बालबालिका भेटिएका थिए । जसमध्ये २६ जना कडा शीघ्र कुपोषित र ५६ जना मध्यम शीघ्र कुपोषित रहेका थिए । कुल संख्यामध्ये कुपोषित बालबालिका ४८ छन् भने २६ जना गर्भवती र सुत्केरी महिलामा कुपोषण भेटिएको थियो ।

गाउँपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्यचौकीका कर्मचारी र स्वास्थ्य स्वयम्सेविका १० वटै वडामा परिचालन गरी एकहप्ते अभियान चलाएर कुपोषित गर्भवती र सुत्केरी महिला/बालबालिकाको खोजी गरिएको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख कृष्ण यादवले बताए । गरिब तथा चेपाङ परिवारमा पोषण कार्यक्रम शीर्षकमा गाउँपालिकाले चालु आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । यो बजेटबाट कुपोषित महिला र बालबालिकालाई नियमित पोषणयुक्त खानेकुरा वितरण गर्नुका साथै उनीहरुलाई आयआर्जनमा सघाउ पुग्ने कार्यक्रम लगिएको शाखाप्रमुख यादवले बताए ।

कडा शीघ्र कुपोषणको उपचारको लागि गाउँपालिकाका ३ स्थानमा बहिरंग स्वास्थ्य उपचार केन्द्र स्थापना गरिएको छ । ३ नम्बर वडाको कटुन्जे स्वास्थ्यचौकी, ८ नम्बर वडाको भार्ता स्वास्थ्यचौकी र ७ नम्बर वडाको निको स्वास्थ्य चौकीमा केन्द्र राखिएको छ । गाउँपालिकाको ३,४,७ र ८ मा सबैभन्दा बढी कुपोषणका बिरामी छन् । सोही वडालाई लक्षित गरी उपचार केन्द्र स्थापना गरिएको स्वास्थ्यशाखाले जनाएको छ ।

अशिक्षा, गरिबी र बालबिवाहका कारण गाउँपालिकामा कुपोषण बढी रहेको गाउँपालिका अध्यक्ष लोक मुक्तानको भनाइ छ । अशिक्षा, गरिबीलाई न्युनीकरण गर्न गाउँपालिकाले योजनाबद्ध विकास गरिरहेको सुनाउँदै अध्यक्ष मुक्तानले कुपोषण पनि गाउँको समस्याका रुपमा रहेकाले त्यसको निराकरणका लागि काम थालिएको बताए । कुपोषितको उपचारका साथै उनीहरुलाई आयमुलक काममा जोड्न तरकारीको बीउ वितरण, उन्नत जातको बाख्रा वितरण पनि गरिएको अध्यक्ष मुक्तानले बताए ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा कुपोषण पुष्टी भएको घरपरिवारका लागि ८ किसिमका तरकारीका बीउबिजन उपलब्ध गराएको छ ।

कुपोषित परिवारमध्ये पिछडिएको र सबैभन्दा गरिब परिवार पहिचान गरी २१ परिवारलाई प्रतिघर एउटा बोयर जातको बाख्रा वितरण गरिएको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख यादवले बताए । पहिचान भएका कुपोषितलाई नियमित रुपमा पोषणयुक्त खानेकुरा उपलब्ध गराएसँगै कुपोषणबाट मुक्ति पाउने क्रममा रहेको र यो कार्यक्रमलाई गाउँपालिकाले आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने स्वास्थ्यशाखाको योजना छ ।

# सेनाको गोलीबाट तितुङ मृत्युको घटनामा छानबीन गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिका-१४ मा नेपाली सेनाको गोली प्रहारबाट मृत्यु भएको घटनाको छानबीन र दोषीमाथि कारबाही गर्न माग गरिएको छ ।

सेनाको गोली प्रहारबाट हेटौंडा-१४ स्थित बँदेलधापका शुकबहादुर तितुङको मृत्यु भएको भन्दै शनिबार बसेको सर्वपक्षीय बैठकले घटनाको छानबीन गर्न र दोषीमाथि कारबाही गर्न माग गरेको हो । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले पर्सा वन्यजन्तु निकुञ्जबाट खटिएका नेपाली सेनाका सुरक्षाकर्मीबाट गोली प्रहार गरी तितुङको शुक्रबार मृत्यु भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बैठकले घटनाको सत्य तथ्य छानबीन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेको हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले बताए ।

यस्तै बैठकले पीडित पक्षलाई न्याय दिलाउन राजनीतिक दललगायत सबै पक्षबाट पहल गर्न ऐक्यबद्धता जारी गर्ने निर्णय गरेको बैठकमा सहभागी नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाईंले जानकारी दिए ।

बैठक प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंह, बागमती प्रदेशका ऊर्जा, खानेपानी तथा सिँचाइमन्त्री एकालाल श्रेष्ठ, नगर उपप्रमुख राजेश बानियाँ, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, जनप्रतिनिधिहरु र राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# पतञ्जली योग समिति मकवानपुरमा थापा



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ पतञ्जली योग समिति मकवानपुर अध्यक्षमा रामकृष्ण थापा चयन भएका छन् । समितिको पाचौं बार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट पुन: थापाको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरिएको हो ।

शनिबार भएको अधिवेशनबाट समितिको उपाध्यक्ष राजन थापा, महामन्त्री ऋषिकुमार ढकाल, मन्त्री चिरञ्जीवि पौडेल, कोषाध्यक्ष हरिप्रसाद पौडेल, संगठन मन्त्री राजु अधिकारी, बौद्धिक प्रभारी गहन खतिवडा, रक्तदान प्रभारी देवराज आचार्य, वृक्षरोपण प्रभारी रमेश ढकाल चयन भएका छन् ।

यस्तै सदस्यहरु ईन्द्रप्रसाद नेपाल, भरत ढुंगाना, भुपेन्द्र पौडेल, युक्तलाल विश्वर्मा, रमेश सिंघल, हयग्रीव न्यौपाने (कृष्ण), सरु वंसल, पुष्पा पुन चयन भएका छन् । समितिको सल्लाहकारमा विष्णु श्रेष्ठ, रामप्रसाद दाहाल, रुपा श्रेष्ठ, पद्मा पौडेल, बिके महर्जन, चन्द्रकान्ता श्रेष्ठ, विष्णु दाहाल, ज्ञानप्रसाद चौलागाई चयन भएका छन् ।

यसैगरी शशिकला थापाको अध्यक्षतामा पतञ्जली योग महिला समिति गठन भएको छ । समितिको उपाध्यक्ष शकुन्तला सिंह, महामन्त्री अनिता नेपाल, मन्त्री प्रभा बानियाँ, कोषाध्यक्ष दुर्गा महत, संगठन मन्त्री सरस्वती दाहाल, बौद्धिक प्रभारी शशि दाहाल, बृक्षरोपण प्रभारी भगवती खरेल, रक्तदान प्रभारी उर्मिला रानामगर, विद्यालय प्रभारी सुशीला भण्डारी, सूचना अभिलेख प्रभारी सावित्री पराजुली ढकाल चयन भएका छन् ।

यस्तै सदस्यहरुमा विन्दु मानन्धर, रमा मानन्धर, विष्णु शाह, सत्यवति पौडेल, तारा कंडेल, गीता आचार्य, दुर्गा पाण्डे, लक्ष्मी पनेरु, गोमा कार्की, मिन्ती योन्जन, लक्ष्मी अधिकारी, पुण्यवती प्रधान, रेखा मैनाली, रेणुका ढुंगाना, मीना मल्ल, खिलाकुमारी थिङ (लिला), कल्पना लामा, मिनुरानी सैजु चयन भएका छन् ।

अधिबेशनले जयराम पुलामीको अध्यक्षतामा युवा योग समिति गठन गरेको । समितिको उपाध्यक्ष राजु सापकोटा, महामन्त्री गुणनाथ अधिकारी, मन्त्री राजन काफ्ले, कोषाध्यक्ष सुधा ढुंगाना चयन भएका छन् । सदस्यहरुमा स्वस्ति आचार्य, ओम सापकोटा, सुमन्त सिलवाल, कृतिका आचार्य, संझना कार्की, रुद्रनाथ घिमिरे, जानुकाकुमारी तिमल्सिना, निपेन्द्र लम्साल, चन्द्रकला पौडेल, सुजन घिमिरे, सीता कार्की, पवन रायमाझी, पवित्रा थापा चयन भएका छन् ।

यसैबीच अधिवेशनले रघुप्रसाद आचार्यको अध्यक्षतामा हेटौंडा उपमहानगर योग समिति गठन गरेको छ । समितिको उपाध्यक्ष माया पौडेल, महामन्त्रीमा अर्जुन हुमागाई, कोषाध्यक्ष सरस्वती श्रेष्ठ, संगठन मन्त्री प्रेमजी श्रेष्ठ चयन भएका छन् । सदस्यहरुमा साधुराम राउत, विश्वनारायण श्रेष्ठ, माधव घिमिरे, दीपा सापकोटा, सरस्वती पहाडी, जया मैनाली, विना लामिछाने, बालकुमारी पाण्डे चयन भएका छन् ।

साधारणसभामा २०७४ र २०८० सालमा योग सहायक प्रशिक्षक तालिम प्राप्त गरेका २२७ जनालाई प्रमाणपत्र वितरण गरिएको थियो । यसैगरी ईन्द्रप्रसाद नेपाल, कृतिका आचार्य, रमिता पाण्डे, उत्तम थापा, प्रकाश मैनाली, प्रमेश पराजुली, शान्ति थापा, मिना मल्ल, सुमङ्गला श्रेष्ठ, ह्यग्रीव न्यौपाने, संझना कार्की, मोनिका खड्का, लक्ष्मीकान्त अधिकारी, माधव लामिछाने, बिन्दा पुडासैनी, वसुन्धरा सुटुनन, रमेश सिंघल, जया मैनाली, कृष्ण ढुंगाना, बद्री अर्याल, कृष्णकुमार अग्रवाल, ज्ञानप्रसाद छत्कुली, भावना पोखरेल, उद्योग वाणिज्य संघ, बालज्योति माविलाई सम्मान गरिएको थियो ।

जिल्ला अध्यक्ष थापाको सभाध्यक्षता एवम् हेटौंडा उपमहानगर पालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा भएको अधिवेशनमा पतन्जली योग प्रदेश समिति प्रमुख प्रभारी ग्रोविन तौजलेको विशिष्ट आतिथ्यता, प्रदेश महामन्त्री सुधा कलौनी, समितिका सल्लाहाकार पुनम कर्माचार्य, समितिका काभ्रे सदस्य विष्णुप्रसाद नराद, समितिका सहप्रभारी बविता थपलिया, प्रदेश सदस्य ध्रुब पौडेललगायतको उपस्थिति थियो ।

# मनहरीमा मिलन-धर्मराज स्मृति फुटबल, एक लाख पुरस्कार



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको सिम्पानीमा मिलन-धर्मराज स्मृति खुला नकआउट फुटबल प्रतियोगिता हुने भएको छ ।

सिम्पानी युथ क्लबको आयोजनामा यही असार २० गतेबाट मनहरी-८ सिम्पानीमा प्रतियोगिता हुने भएको हो । आयोजकले पत्रकार सम्मेलनमार्फत् जानकारी दिएको छ । प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजक क्लवका अध्यक्ष किरण सुवेदीले जानकारी दिए ।

प्रतियोगिताको विधागत उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्ताले नगद ५ हजार प्राप्त गर्नेछन् भने सर्वोत्कृष्ट खेलाडीले ७ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । गत २०७९ पुस २८ गते सवारी दुर्घटनामा ज्यान गुमाएका सिम्पानी युथ क्लबका खेलाडीद्वय मिलन र धर्मराज मोक्तानको स्मृतिमा क्लबले प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगिताका लागि करिब ७ लाख ८० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिता संयोजक प्रकाश लामाले बताए ।

प्रतियोगितामा सहभागिता जनाउन चाहने टिमले १८ गतेसम्म आयोजक्लाई सम्पर्क गर्न सक्नेछन् । टिम दर्ता शुल्क ७ हजार ५ सय तोकिएको छ । प्रतियोगिताको लागि प्रथम र द्वितीय पुरस्कार मिलन-धर्मराजको परिवारले उपलब्ध गराउने भएको छ । मनोज मोक्तानले खेलका लागि डेढ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गर्दै खेललाई प्रत्येक वर्ष निरन्तरता दिन अनुरोध गरे ।

मनहरी गाउँपालिका खेलकुद विकास समितिका संयोजक बीरु लामाले प्रतियोगिताका लागि आवश्यक सहयोग गर्न तयार रहेको बताए । फुटबल प्रतियोगिताका लागि मनहरी गाउँपालिकाले खेल सामग्री सहयोग गराउनेछ भने अन्य विभिन्न व्यक्ति तथा संघसंस्थालाई सहयोगका लागि अनुरोध गरिएको क्लवका राजेन्द्र मोक्तानले बताए ।

# ५ हजारबाट व्यवसाय थालेकी मीनाकुमारीलाई माग पुऱ्याउन हम्मे

पाँचथर, ८ असार/ याङवरक गाउँपालिका-३ ओयामको देवीस्थानकी मीनाकुमारी गुरुङले भेडाको ऊनका सामग्री उत्पादन गर्न थालेको ३० वर्ष पूरा भयो । तत्कालीन घरेलु तथा साना उद्योग कार्यालय पाँचथरले तालिम दिएपछि नियमित रुपमा ऊनका सामग्री निर्माण गर्दै आएकी उनलाई अहिले माग पूरा गर्न कठिन परेको छ ।

गुरुङले स्थापना गरेको लेकाली राडीपाखी उद्योगले उनको परिवारलाई मात्रै फाइदा भएको छैन, छिमेकका ऊनको काम गर्न चाहने महिलाका लागि रोजगारी र आम्दानीको बाटो पनि बनेको छ । विसं २०५१ मा यहाँको चरि भञ्ज्याङमा घरेलु तथा साना उद्योग कार्यालयबाट तालिम लिएपछि मीनाकुमारीले ऊनका सामग्री निर्माण गर्न थालेकी थिइन् ।

'पहिले मैले केही पनि जानेको थिइनँ । म त भारत मै जन्मे हुर्केको हुँ । विवाह गरेर यहाँ आएपछि के चाहिँ गरौं भनेर खोज्दा यहाँ बावु बाजेले गरिराखेको काम गर्नु ठीक लाग्यो', उनले भनिन्, 'तर मलाई सीप केही नआउने । तालिम लिने अवसर पाएपछि मैले नियमित रुपमा सामग्री उत्पादन गर्दै आएकी छु ।'

विवाह गरेर घरमा आउँदा उनको २८ जनाको परिवार थियो । घरमा भेडापालन पनि भएकाले यो व्यवसाय गर्न उनलाई सबैतिरबाट सहज भयो । तालिम लिएपछि नै उनले आफ्नो कामलाई व्यवसायको रुप दिन सोही कार्यालयबाट पाँच हजार रुपैयाँ ऋण पाएकी थिइन् । 'त्यही ऋणबाट व्यवसाय सुरुआत गरेँ । ऋणबाट व्यवसाय थाल्दाको चिनो मसँग अझै छ तिनपाटे राडी', उद्यमी गुरुङले भनिन्, 'त्यसयता यही व्यवसायले घर परिवार चलाउँदै आएका छौं ।'

घरेलुको ऋण चुक्ता गरेपछि उनले कृषि विकास बैंकबाट २० हजार ऋण लिएर किस्ता तिर्न थालेकी थिइन् । तत्कालीन सशस्त्र द्वन्द्वको समयमा उक्त ऋण पनि तिर्न जान बन्देज भयो । उनको व्यवसाय पनि धराशायी भयो । उत्पादित सामग्री सहजै बजार पुग्न कठिन भयो । संकटकालमा रोकिएको उनको व्यवसाय पुन: पुरानै स्थितिमा पुग्यो ।

उनको व्यवसायले उचाइ लिन घरेलु कार्यालयबाट आएको एउटा फोन निकै महत्वपूर्ण भयो । 'गाउँघरको घरपाला (गाउँकै भेडाको) ऊनबाट सामग्री निर्माण गरिरहेकी थिएँ । पछि घरेलु कार्यालयबाट मलाई फोन आयो', उनले भनिन्,' परम्परागत पेशालाई व्यवसाय बनाउनेहरुलाई तालिम दिने कार्यक्रम रहेछ । त्यसपछि मैले व्यवसायिक रुपमा काम गर्ने तालिम लिने अवसर पाएँ ।'

उनले आफ्नो व्यवसायलाई बढाएपछि भेडाको ऊनको खाँचो पनि भएन । भेडापालकले घरमै ऊन पठाइदिन थाले । 'पहिले त २० जनासम्म दिदीबहिनीले मेरोमा काम गर्नुहुन्थ्यो । अहिले चाहिँ उनीहरुले ऊन जोखेर आफ्नै घरमा खोसलेर धागो बनाएर ल्याइदिनु हुन्छ', उद्यमी गुरुङले भने, 'धेरै माग आउँदा दिदीबहिनीहरुलाई भेला पारेर बुन्छौं । माग आएपछि सबैलाई बोलाउँछु । अहिले गाउँका धेरै जना ऊनका सामग्री बुन्न सक्षम भइसकेका छन् ।'

गुरुङको उद्योगमा अहिले चेयर म्याट, सोफा सेट, बुर्कासन, दुई र तीन पाटे राडी, लुकुनी, स्टकोट, कोट, झोला, पर्स, गमलामा राख्ने फूललगायत सामग्री निर्माण हुने गरेका छन् । उनका अनुसार ऊनका २०८ प्रकारका सामग्री निर्माण गर्न सकिन्छ । यद्यपि यहाँ ती सबै सामग्री उत्पादन हुँदैनन् । उद्योगमा प्रयोग हुने ऊन भने जिल्लाकै फालेलुङमा रहेको भेडी गोठसहित ताप्लेजुङका विभिन्न स्थानबाट आपूर्ति गर्ने गरिएको छ । गुरुङले सामग्री निर्माणका लागि विभिन्न प्रकारका ऊन काठमाडौँबाट ल्याउने गरेकी छन् ।

**विदेश बिक्री गरिन्छन् अधिकांश सामग्री**

उद्यमी गुरुङका अनुसार उत्पादित सामग्रीका आधारमा फाइदा हुने गर्छ । 'सानो सामग्रीमा रु सय हाराहारी नाफा हुने गरेको छ, ठूलो सामग्रीमा रु दुई हजारसम्म फाइदा राखेर बिक्री गर्छौं', उनले भनिन्, 'धेरै मूल्य राखौं बिक्री हुन गाह्रो हुन्छ, कम मूल्य राख्दा फाइदा हुँदैन ।' यद्यपि आफैँ बजार गएर बिक्री गर्दा भने आकर्षक मूल्य प्राप्त गर्न सकिने गुरुङ बताउँछिन् ।

यहाँ उत्पादित ऊनका सामग्री देशका विभिन्न स्थान सहित छिमेकी मुलुक भारत र अन्य देशमा समेत बिक्री हुने गरेको छ । अमेरिका, अष्ट्रेलिया, जापानलगायत देशमा बस्ने नेपालीले घरमा सजावटका लागि यहाँका सामग्री माग गर्ने गर्दछन् । पछिल्ला दिनमा लुकुनी मृत्यु कार्यमा प्रयोग गर्न थालिएको छ । जसकारण यसको माग क्रमश बढिरहेको मीनाकुमारीको भनाइ छ ।

उनको उद्योगमा केन्द्रित भई अहिले ऊन खोस्रिने, धागो तान्ने, तान बुन्नेलगायत काममा औषत १० महिला सम्लग्न भइ रोजगारी प्राप्त गरिरहेका छन् । तर कठिन ठानेर ऊनको काम गर्नेको संख्या घटिरहेको छ । अब प्रविधिको प्रयोगमार्फत व्यवसायलाई सरल बनाउन मीनाकुमारीसहितका महिलाले चासो राखिरहेका छन् । आफूहरुले गरी आएको परम्परागत पेशाको सम्वर्द्धनका लागि अहिलेसम्म कुनै पनि सहयोग प्राप्त नभएको उनीहरुको गुनासो छ ।

(स्रोत: अनलाइनखबर)

# राष्ट्रिय क्रस कन्ट्री साइक्लिङ च्याम्पियनसिपमा सुरज र लक्ष्मी पहिलो



काठमाडौं, ८ असार/ नेपाल साइक्लिङ संघको आयोजनामा भएको १९औं राष्ट्रिय क्रस कन्ट्री साइक्लिङ च्याम्पियनसिपको उपाधि सुरज राना र लक्ष्मी मगरले शनिवार जितेका छन् । ओलम्पिक डे २०२४ को अवसर पारेर गोर्कर्णेश्वर नगरपालिकाको वडा नम्बर ४ स्थित जगडोल सहिद पार्कमा भएको प्रतियोगितामा सुरज पुरुषतर्फ र लक्ष्मी महिलातर्फ च्याम्पियन बने ।

सुरजले निर्धारित दूरी १ घण्टा १७ मिनेट ५१.५३ सेकेण्डमा पूरा गरे । यस्तै अच्युत कृष्ण खरेल १ घण्टा २२ मिनेट ०८.५३ सेकेण्ड समयसहित दोस्रो भए भने १ घण्टा २६ मिनेट ३५.२३ सेकेण्डमा दूरी पूरा गरि तेस्रो भए । प्रमित थापाले १ घण्टा ३५ मिनेट २५.८६ सेकेण्ड समय निकाल्दै चौथो स्थानमा रहे ।

यसैगरी महिलातर्फकी विजेता लक्ष्मीले निर्धारित दूरी १ घण्टा १७ मिनेट ४४.३० सेकेण्डमा पूरा गरिन् ।

दोस्रो भएकी मन्जु कुमारी खड्काले १ घण्टा २५ मिनेट २३.५७ सेण्ड समय लगाइन् । यस्तै ज्ञानु कुमारी चौधरीले दूरी १ घण्टा २९ मिनेट ३७.६६ सेकेण्डमा पूरा गरी तेस्रो भइन् ।

यस्तै जुनियरमा निमा शेर्पा पहिलो, सौगात अछामी दोस्रो तथा मन्दिप केसी तेस्रो भए । युथतर्फ दिपसागर तामाङ पहिलो, दिलव खड्का दोस्रो तथा दिपेश राई तेस्रो भए । मास्टर्समा हर्क बहादुर लामा पहिलो हुँदा विनोद ढकाल दोस्रो तथा नारायण मानन्धर तेस्रो भए ।

विजेता खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ, नेपाल साइक्लिङ संघका अध्यक्ष गोपाल सुन्दर लाल कक्षापतीले एक कार्यक्रमबीच पुरस्कार वितरण गरेका थिए ।

(स्रोत: अनलाइनखबर)

# मकवानपुरगढी अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरगढी गाउँपालिकालाई शनिवार अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा गरिएको छ ।



नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक अन्तर्गत धारा ३१ र अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ बमोजिम पालिकालाई अनिवार्य तथा नि:शुल्क शिक्षा लागु भएको पालिका घोषणा गरिएको हो । मकवानपुर गढी गाउँपालिका-२, शिखरकटेरी स्थित चण्डिका माध्यमिक विद्यालय परिसरमा भएको एक औपचारिक कार्यत्रमकाबीच पालिकालाई अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा गरिएको हो ।

मकवानपुरगढीलाई अनिवार्य तथा नि:शुल्क शिक्षा भएको पालिका घोषणा गर्दै कार्यक्रमको प्रमुखअतिथि समेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले घोषणालाई घोषणामै सीमित नगरी पूर्णरुपमा कार्यान्वयनमा ल्याउन आग्रह गरे । उनले सरकारले अहिले शिक्षाक्षेत्रलाई प्रविधिमैत्री र भौतिक पूर्वाधारले सम्मन्न पार्ने काम गरिरहेको दावी गरे ।

'सरकारले शिक्षाक्षेत्रलाई सर्वशुलभ र भौतिक तथा प्रविधिमैत्री बनाउन खोजिरहेको छ । सरकारले विद्यालय बस उपलब्ध गराउने, विद्यालयमा नर्स र विद्यार्थीमैत्री भवन निर्माण गरिदिने जस्ता काम गरिरहेको छ । यसवाट हामीले बढीभन्दा बढी फाइदा लिन सक्नुपर्छ,' उलने भने । आफ्नो पालिका भित्रका कोहीपनि बालबालिका विद्यालय बाहिर नहुन भन्नका लागि जनप्रतिनिधिले विशेष चासो दिनुपर्ने उनको भनाई थियो ।

जिसस प्रमुख घलानले घाउँघर र टोलटोलमा पुगेर विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म आउँने वातावरण तयार पार्न पनि उलने जनप्रतिनिधिलाई निर्देशन दिए । पालिकाले नि:शुल्क शिक्षा घोषणाका लागि तोकिएको सबै मापदण्ड पूरा गरेको गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले जानकारी दिए । उनले यसअघि पालिका भित्रका सम्पूर्ण ८ वटा वडालाई अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको वडा घोषणा गरिएको बताए ।

गाउँपालिका अध्यक्ष स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख दिनानाथ गौतम, शिक्षा विकास निर्देशानलयका निर्देशक देवनारायण चौधरी, गाउँपालिका पूर्वअध्यक्ष विदुर हुमागाई, उपाध्यक्ष मानकुमारी पाखीन, गाउँपालिकाका वडाअध्यक्षहरु, पालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन लामा, राजनीतिक दलका प्रतिनिधि, विद्यालयका प्रअ तथा विभिन्न शिक्षाक्षेत्रका व्यक्तित्वको आतिथ्यता रहेको थियो ।

# खड्का र पौडेल स्मृत विशेष साहित्य सन्ध्या

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ साहित्य संगम मकवानपुरले नियमित सन्ध्याअन्तर्गत शनिबारको गोविन्द खड्का तथा गणेशकुमार पौडेल स्मृति कार्यक्रम गरेको छ । संगमको ३४४ औं नियमित साहित्य सन्ध्यामा स्वर्गीय गोविन्द तथा गणेश विशेष रचनावाचन गरिएको हो ।

साहित्य संध्यामा १५ जना स्रष्टाले साहित्यका विविध विधामा रचनावाचन गरेका थिए । राजकुमार चौधरी, ऋषिराम पाण्डे, राजकुमार राउत, सुवास सजल, संप्रस पौडेल, सानु खनाल र देवराज खरेलले कविता वाचन गरेका थिए । यसैगरी अनिता पौडेलले मुक्तक र मिथिला अधिकारी गजलवाचन गरेको सन्ध्यामा छवि अनित्य, सानुभाइ विश्वकर्मा, राजुराम राउत तथा अग्रज साहित्यकार र मेशमोहन अधिकारी, देवराज तिवारी र जनार्दन खनालसमेतले रचनावाचन गरे ।

स्व. खड्का र पौडेलको तस्वीरमा माल्यार्पण गरी सुरु गरिएको सन्ध्या संगम अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षता तथा साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यमा भएको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना